सावतीको त्रैमासिक पत्रिका

वर्ष १, अंक २, फागुन २०६४-वैशाख २०६५

# व्यापार र विकास




## पेट्रोलियम पदार्थ वितरण प्रणाली

# दक्षिण एशियाको सन्दर्भ

खाद्य संप्रभुता ■ वैदेशिक ऋण ■ साफ्टा र नेपाल ■ उदार व्यापार र राज्यको भूमिका

व्यापार र विकास

प्रकाशक
साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेन्ट (सावती)

सम्पादक
ध्रुवेशचन्द्र रेग्मी

सह-सम्पादक
निलु थापा
निरज श्रेष्ठ
कपिल गौतम
राजेन्द्र अधिकारी

आवरण तथा चित्र
अबिन श्रेष्ठ

डिजाइन
इन्द्र श्रेष्ठ (इफेक्ट)

मुद्रक
जगदम्बा प्रेस

SAWTEE
SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT

सम्पर्कः
पो.ब.नं. १९३६६
२५४ लम्टङ्गीनमार्ग
बालुवाटार, काठमाडौं
फोनः ४४१५८२४, ४४४४४३८
फ्याक्सः ९७७-१-४४४४५७०
इमेलः sawtee.sawtee.org
वेबः www.sawtee.org

एक्सनएड नेपाल र एम.एस. नेपालको सहयोगमा प्रकाशित ।

सम्पादकीय

# पेट्रोलियम क्षेत्रमा सुधारको खाँचो

**वातावरणीय** दृष्टिकोणले उपयुक्त मानिने विद्युत् ऊर्जाको पर्याप्त सम्भावना बोकेको नेपालले विभिन्न आर्थिक एवम् प्राविधिक कारणले गार्हस्थ्य मागलाई पुग्ने मात्रामा पनि यसको उत्पादन गर्न सकेको छैन । नेपालमा मुख्य रूपमा घरेलु ऊर्जा आवश्यकताको पूर्ति परम्परागत स्रोत (जस्तै दाउरा एवम् अन्य जैविक स्रोत) र औद्योगिक, व्यावसायिक तथा यातायात क्षेत्रको ऊर्जा आवश्यकताको पूर्ति खनिज तेल (पेट्रोलियम) एवम् कोइलाबाट हुने गरेको छ ।

नेपालमा पेट्रोलियम पदार्थको माग, आपूर्ति, वितरण प्रणाली र योसँग सम्बन्धित व्यापारिक क्रियाकलापहरू सधैंजसो चर्चाको विषयवस्तु बन्ने गरेका छन् । नेपालमा पेट्रोलियम पदार्थको कारोबार सरकार नियन्त्रित नेपाल आयल निगम लिमिटेडमार्फत् हुने गरेको छ । तर पेट्रोलियम पदार्थजस्तो संवेदनशील इन्धनको नियमित आपूर्ति, पारदर्शी मूल्य निर्धारण र गुणस्तरीय सेवाको प्रत्याभूति गर्ने कार्यमा निगम प्रायः असफल देखिएको छ । हालै निजी क्षेत्रलाई पेट्रोलियम पदार्थको कारोबारमा संलग्न गराउने नीतिगत निर्णय गरिए पनि आयात, थोक बिक्री-वितरण, थोक मूल्य निर्धारण, गुणस्तर नियन्त्रण, अनुगमन तथा समग्र नियमनको जिम्मेवारी निगममा नै रहेको छ ।

आपूर्ति व्यवस्था सहज पार्न नसक्दा तथा मूल्य निर्धारण प्रक्रिया पारदर्शी नहुँदा निगमको विश्वसनीयता पनि दिनानुदिन घट्दै गएको छ । व्यावसायिक ढंगबाट पेट्रोलियम पदार्थको कारोबार गर्ने अधिकार निगमले पाएको भएपनि निगम पूर्ण स्वायत्त भने छैन । पेट्रोलियम पदार्थको मूल्यलाई राजनैतिक रूपमा संवेदनशील विषयका रूपमा लिने गरिएबाट मूल्य निर्धारण तथा नीतिगत निर्णयमा प्रत्यक्ष सरकारी हस्तक्षेप र संलग्नता रहने गरेको छ ।

लामो समयदेखि पेट्रोलियम पदार्थको बिक्री मूल्य भन्दा खरिद मूल्य बढी रहेको (हवाई इन्धन र पेट्रोलमा नाफा रहेकोबाहेक) कारणले निगमको घाटा बढीरहेको छ । सोही कारण निगमले सरकार तथा विभिन्न वित्तीय संस्थाबाट लिएको ऋण बढ्दै गएको छ । निगमले समयमै रकम भुक्तानी गर्न नसक्दा इण्डियन आयल कर्पोरेशनले पटक-पटक निर्यात परिमाण कटौती गर्दै आएको छ । यी कारणले माग र आपूर्तिबीचमा असन्तुलन आउने, वितरण प्रणालीमा अव्यवस्था बढ्ने र अन्ततः उपभोक्ताले कठिनाइ भोग्नु परेको छ । अन्तर्राष्ट्रिय बजारमा हुने मूल्य परिवर्तनअनुसार सरकारले पेट्रोलियम पदार्थमा आन्तरिक मूल्य समायोजन गर्ने 'स्वचालित मूल्य प्रणाली' अवलम्बन गर्ने स्वतन्त्रता नदिंदा निगमले पेट्रोलियम पदार्थको कारोबार प्रभावकारी ढंगले गर्न सकेको छैन ।

त्यस्तै अन्तर्राष्ट्रिय मूल्यमा गिरावट आउँदा निगमले आन्तरिक बजारमा मूल्य कम गर्ने तथा निगमभित्रका अनियमितता नियन्त्रण गर्नेतर्फ पहल नगर्ने प्रवृत्तिका कारणले पनि मूल्य वृद्धिलाई उपभोक्ताले सहजै स्वीकार गर्न सकेका छैनन् । त्यसै गरी यो क्षेत्रमा ढुवानीकर्ता, पेट्रोलियम पदार्थको खुद्रा बिक्री-वितरण गर्ने डिलरहरू, एलपी ग्यासको कारोबारमा संलग्न कम्पनीहरू तथा स्थानीय विक्रेताहरूले आफ्नो हितलाई मात्र ध्यान दिने गरेबाट पनि सर्वसाधारण उपभोक्ताहरू बढी मर्कामा परेका छन् ।

यस्तो परिस्थितिमा पेट्रोलियम कारोबारको उदारीकरण गर्दै निजी क्षेत्रलाई संलग्न गराएर मूल्य तथा वितरण प्रणाली दुवैमा प्रतिस्पर्धाको वातावरण सिर्जना गर्नु आवश्यक छ । स्वचालित मूल्य प्रणालीको अवलम्बन गर्नु यो समस्या समाधानको सहज उपाय मान्न सकिन्छ । त्यसै गरी सरकारले पेट्रोलियम पदार्थमा विभिन्न शीर्षकअन्तर्गत लिने गरेको करको दर अझै पनि धेरै रहेकोले त्यसमा कटौती गरेर निगमको आर्थिक भार कम पार्न सकिन्छ । समय-समयमा गठन गरिएका अध्ययन कार्यदल तथा समितिहरूले एक स्वतन्त्र र गैरराजनैतिक संयन्त्र गठन गरेर पेट्रोलियम पदार्थको कारोबारमा उदारीकरण, वैज्ञानिक ढंगले मूल्य समायोजन तथा आपूर्ति व्यवस्था मिलाउन सुझाव दिने गरेका छन् । सम्बन्धित निकायबाट कार्यान्वयनको अभावले यो क्षेत्रमा गैरप्रतिस्पर्धी र कमजोर आपूर्ति तथा वितरण प्रणाली कायमै छ ।

सरकारको एकाधिकार कम गर्ने र प्रतिस्पर्धा प्रवर्द्धनको लागि निजी क्षेत्रलाई संलग्न गराउने नीतिगत निर्णय भर्खरै भएको सन्दर्भमा उपयुक्त संयन्त्र बनाएर यसको प्रभावकारी कार्यान्वयन गर्नु अनिवार्य छ । त्यसै गरी विपन्न वर्गका उपभोक्ताको इन्धनमा पहुँचको अधिकारलाई सुनिश्चित गर्नका लागि सहुलियत वा प्रत्यक्ष नगद अनुदानका माध्यमबाट राहत उपलब्ध गराउनेतर्फ विशेष व्यवस्था अवलम्बन गर्नुसमेत ज्यादै आवश्यक छ ।

# विषय सूची

वर्ष १, अंक २
फागुन २०६४-वैशाख २०६५




## पेट्रोलियम पदार्थ वितरण प्रणाली

## दक्षिण एशियाको सन्दर्भ

सरकारले पेट्रोलियम पदार्थको वितरण प्रणालीलाई सर्वसुलभ र प्रभावकारी बनाउन छिमेकी मुलुकले अवलम्बन गरेका रणनीतिहरूबाट पाठ लिन सक्छ ।

आवरण १२




## साफ्टाले नेपाललाई फाइदा गर्ला ?

दक्षिण एशियामा नेपालले सामना गरिरहेका बजार पहुँच र आपूर्ति पक्षका अवरोधहरूको निराकरण गर्न साफ्टा सदस्य राष्ट्रहरूबीच के कसरी ठोस एजेण्डामा वार्ता र सहमति कायम गर्न सकिन्छ भनी नीतिगत पहल गर्न आवश्यक छ ।

क्षेत्रीय व्यापार १०

समाचार ४-५

व्यापार नीति
उदार व्यापारमा राज्यको भूमिका ६

खाद्य संप्रभुता
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा ८

आवरण
बोनसदेखि बिदाइसम्म १५

जनचेतना
जैविक विविधता तथा परम्परागत ज्ञान १६

गैरआवासीय नेपाली
नेपालको आर्थिक सामाजिक रूपान्तरण... १८

वैदेशिक ऋण
वैदेशिक ऋणको पारदर्शिता... २०

संस्था गतिविधि २२

यस पत्रिकामा प्रकाशित लेखहरूका विचार तथा मान्यता लेखककै हुन् ।

# पेटेन्ट आवेदनमा स्रोत खुलाउन माग

**विश्व** व्यापार संगठन (डब्ल्यूटीओ) को व्यापारसम्बन्धी बौद्धिक सम्पत्ति अधिकार सम्झौता (ट्रिप्स्) मा सिर्जना गरिएको वस्तु वा प्रविधिमा पेटेन्टका लागि दिइने निवेदनमा जैविक (आनुवंशिक) स्रोत र परम्परागत ज्ञानको प्रयोग गरिएको भए सोको स्रोत र उत्पत्तिस्थल खुलाउनुपर्ने शर्त (Disclosure Requirement) बाध्यात्मक व्यवस्थाका रूपमा राखिनु पर्छ भन्ने मागलाई समर्थन गर्ने राष्ट्रको संख्या ८० भन्दा बढी पुगेको छ । डब्ल्यूटीओको ट्रिप्स् परिषद्मा भारत, ब्राजिल र पेरूलगायत अन्य पाँच मुलुकहरूले पेश गरेको प्रस्तावमा गत वर्ष अफ्रिकी समूह र अल्पविकसित मुलुकहरूको समूहले र हालै अफ्रिकन, क्यारेबियन तथा प्यासिफिक राष्ट्रहरूको समूहले आफूहरूको समर्थन रहेको जानकारी गराएपछि ट्रिप्स्को धारा २७.३ (ख) को पुनरावलोकनका लागि भइरहेको वार्ताले नयाँ मोड लिने आशा गरिएको छ ।

पेटेन्टका लागि दिइने निवेदनमा स्रोत र उत्पत्तिस्थल खुलाउनुपर्ने शर्तका साथै पेटेन्ट दर्ता गर्ने व्यक्ति वा कम्पनीले स्रोतका धनी मुलुक र सम्बन्धित समुदायसँग पूर्वसुसूचित सहमति प्राप्त गरी लाभको बाँडफाँडसम्बन्धी सहमति गरेको प्रमाणसमेत पेश गर्नु पर्ने माग पनि डब्ल्यूटीओका यी सदस्य राष्ट्रहरूले गरेका छन् । यी राष्ट्रहरू ट्रिप्स्ले विश्वका १९१ राष्ट्रहरूले अनुमोदन गरेको जैविक विविधता महासन्धि (Convention on Biological Diversity) को उद्देश्यलाई बेवास्ता गरी जैविक चोरीलाई बढावा दिएकाले ट्रिप्स् र महासन्धिबीच सामञ्जस्यता कायम गर्न सो शर्तको कार्यान्वयन आवश्यक छ भन्ने अडानमा छन् ।

तर अधिकांश प्रविधिमा धनी विकसित राष्ट्रहरू यस्तो शर्तको कार्यान्वयन ट्रिप्स्अन्तर्गत गर्न नसकिने भनी विवाद गर्दै आएका छन् । अमेरिका, जापान, अस्ट्रेलिया र सिंगापुरजस्ता राष्ट्रहरू पेटेन्ट संरक्षणको स्तरलाई घटाउन नपाइने र त्यस्तो शर्त ट्रिप्स्अन्तर्गत राख्न नमिल्ने अडानमा छन् । युरोपेली संघ, स्विटजरल्याण्ड र नर्वेले भने केही शर्तको अधीनमा रही स्रोत खुलाउनु पर्ने मागलाई ट्रिप्स्अन्तर्गत कार्यान्वयन गर्न सकिने धारणा राखेका छन् *(www.centad.org, accessed on 19.03.08)* ।

# व्यापार वृद्धिदर ४.५ प्रतिशत मात्र

**डब्ल्यूटीओले** जारी गरेको एक विज्ञप्तिअनुसार विकसित मुलुकहरूको बिग्रँदो अर्थतन्त्र तथा अन्तर्राष्ट्रिय वित्तीय बजारमा देखिएको संकटका कारण यस वर्ष अन्तर्राष्ट्रिय व्यापारको गति विगत वर्षको तुलनामा कम हुने अनुमान गरिएको छ । विज्ञप्तिमा सन् २००६ मा ८ दशमलव ५ प्रतिशत रहेको अन्तर्राष्ट्रिय व्यापार वृद्धिदर सन् २००७ मा ५ दशमलव ५ प्रतिशत र सन् २००८ मा ४ दशमलव ५ प्रतिशतमा झर्ने उल्लेख गरिएको छ । विश्व अर्थतन्त्रमा आएको उतारचढावका कारण यस वर्षको अन्तर्राष्ट्रिय व्यापार वृद्धिबारे प्रक्षेपण गर्नु निकै कठिन भएको डब्ल्यूटीओका अर्थशास्त्रीहरूले बताएका छन् ।

विकसित राष्ट्रहरूमा यस्तो वृद्धिदर १ दशमलव १ प्रतिशत र विकासोन्मुख राष्ट्रहरूमा ५ प्रतिशत भन्दा माथि रहने अनुमान गरिएको पनि सोही विज्ञप्तिमा जनाइएको छ । स्थिर मूल्यमा विश्व अर्थतन्त्रको वृद्धिदर २ दशमलव ६ प्रतिशत र विश्व व्यापारको वृद्धिदर ४ दशमलव ५ प्रतिशत रहनेसमेत विज्ञप्तिमा उल्लेख छ ।

सन् २००७ मा अन्तर्राष्ट्रिय निर्यात व्यापार अघिल्लो वर्षको तुलनामा १५ प्रतिशतले बढेर १ सय ३६ खर्ब अमेरिकी डलर तथा व्यावसायिक सेवा १८ प्रतिशतले बढेर ३३ खर्ब अमेरिकी डलर पुगेको डब्ल्यूटीओले जनाएको छ । सोही वर्षका लागि व्यापार वृद्धिदर ६ प्रतिशत रहने अनुमान गरिएकोमा वास्तविक वृद्धिदर त्यो भन्दा कम अर्थात ५ दशमलव ५ प्रतिशत मात्र हुन आएको प्रारम्भिक तथ्यांकले देखाएको छ । विकसित अर्थतन्त्रको समग्र मागमा आएको कमीका कारण विश्व अर्थतन्त्र र व्यापारमा गिरावट आएको बताइएको छ *(www.wto.org/press release, accessed on 17.04.08)* ।

## युक्रेनः १५२ औं सदस्य

**युक्रेनले** १६ अप्रिल २००८ मा डब्ल्यूटीओलाई आफूले सदस्यतासम्बन्धी सम्झौताको अनुमोदनमा सहमति जनाएको जानकारी गराएको छ । सहमति जनाएको ३० दिनपछि १६ मे २००८ देखि युक्रेनको सदस्यता पूर्ण रूपमा प्रभावकारी भएको छ । युक्रेन संगठनको १५२ औं सदस्य राष्ट्र भएको छ । ५ फेब्रुअरी २००८ मा साधारण परिषद्ले युक्रेनको सदस्यतासम्बन्धी दस्तावेजलाई स्वीकार गर्दै सदस्यताका शर्तहरू प्रस्ट्याएको थियो । युक्रेनले ४ जुलाई २००८ भित्रमा औपचारिक सहमति जनाइसक्नुपर्ने व्यवस्था गरिएको थियो *(www.wto.org/news, accessed on 18.05.08)* ।

# ईयूले नियम तोड्यो



**युरोपियन** युनियन (ईयू) ले क्यारेबियन, अफ्रिकी तथा प्यासिफिक क्षेत्रका झण्डै ८० देशलाई केरालगायत अन्य उत्पादनको आयातमा सन् १९५० देखि विशेष सुविधा दिँदै आएको थियो । यसले गर्दा धेरै केरा उत्पादन गर्ने ल्याटिन अमेरिकी मुलुकहरूको ईयूमा हुने निर्यात प्रभावित भएको कारण इक्वेडरले ग्वाटेमाला, होण्डुरस, मेक्सिको तथा अमेरिकासमेतको समर्थनमा डब्ल्यूटीओमा मुद्दा दायर गरेको थियो । यस मुद्दामा पछि कोलम्बिया, निकारागुवा र पानामासमेतले समर्थन जनाएका थिए ।

डब्ल्यूटीओमा सबैभन्दा लामो समयसम्म चलेको यो मुद्दामा ईयूले विभेदकारी व्यवस्था लागू गरेर डब्ल्यूटीओअन्तर्गत सौविध्यपूर्ण राष्ट्रको व्यवहारसम्बन्धी व्यवस्थाको उल्लंघन गरेको डब्ल्यूटीओको ठहरलाई निवेदक राष्ट्रहरूले महत्त्वपूर्ण उपलब्धिका रूपमा लिएका छन् । ईयूले भने यस प्रकारको विशेष व्यापारिक सम्बन्धलाई नयाँ व्यापार वार्ताहरूमार्फत परिवर्तन गर्दै लगिएको बताएको छ *(www.news.bbc.co.uk, accessed on 08.04.08)* ।

# नेपाल विश्वकै प्रमुख अलैंची उत्पादक

**अलैंची** उत्पादन र विश्व बजारमा हुने बिक्रीमा नेपाल पहिलो स्थानमा आएको छ । अन्तर्राष्ट्रिय व्यापार केन्द्रका अनुसार संसारभरि बिक्री हुने आधाभन्दा बढी अलैंची नेपालमा उत्पादन हुन्छ । नेपालको भौगोलिक संरचना तथा अनुकूल हावापानीले अलैंची उत्पादनमा निकै सहायता पुगेको छ । भारतमा अलैंची उत्पादन गर्न क्षेत्रफल पर्याप्त भए पनि प्रतिकूल हावापानी तथा रोगको प्रकोपका कारण उत्साहजनक उत्पादन हुन नसकेकाले पनि नेपाल अलैंची उत्पादनमा अग्रस्थानमा आएको हो ।

कृषि उद्यम केन्द्रका अनुसार चालू आर्थिक वर्षमा ६ हजार ७ सय ९२ टन अलैंची उत्पादन भएको छ । आर्थिक वर्ष २०६२/६३ मा ६ हजार ६ सय ४७ टन अलैंची उत्पादन भएको थियो । नेपाली अलैंचीको सबैभन्दा ठूलो बजार भारत हो । गत आर्थिक वर्षमा नेपालबाट भारततर्फ ५ हजार ८ सय ४३ टन अलैंची निर्यात गरिएको थियो भने बाँकी अलैंची समुद्रपार मुलुकहरूमा निर्यात गरिएको थियो । त्यस्तै चालू आर्थिक वर्षमा नेपालबाट भारतमा ६ हजार १ सय २५ टन अलैंची निर्यात गरिएको छ भने बाँकी अलैंची समुद्रपार मुलुकमा निर्यात गरिएको छ । कृषि उद्यम केन्द्रको तथ्यांकअनुसार गत आर्थिक वर्षमा करीब ७४ करोड रूपैयाँ बराबरको अलैंची निकासी भएको थियो भने चालू आर्थिक वर्षमा ८० करोड रूपैयाँको अलैंची निकासी भएको छ । अलैंचीको औसत मूल्य प्रतिकिलो ३ सय २० रूपैयाँ रहेको छ । कृषि उद्यम केन्द्रका अनुसार नेपालमा उत्पादित अलैंचीमध्ये करीब ९५ प्रतिशत भारत निकासी हुन्छ । भारतमा निकासी भएको अलैंची प्रशोधन भई पाकिस्तान, सिंगापुर, अमेरिकालगायत अन्य विभिन्न मुलुकमा निर्यात हुने गरेको छ ।

नेपाल विश्वकै ठूलो अलैंची उत्पादन गर्ने राष्ट्र रहे पनि बजार विविधीकरणको समस्याका कारण कृषकले यसबाट उत्साहजनक फाइदा उठाउन सकेको देखिँदैन । उत्पादित अलैंचीको ठूलो परिमाण सस्तो मूल्यमा भारत मात्र निकासी हुने हुँदा कृषकले कम मूल्य पाएका छन् । त्यस कारण राज्यले अलैंची उत्पादकका लागि सरल बजार पहुँचको व्यवस्था तथा अलैंची प्रशोधनका लागि प्राविधिक सहयोग गरी यस्ता उत्पादनको विकासमा प्रोत्साहन गर्नुपर्ने देखिन्छ *(गोरखापत्र, २४ वैशाख २०६५)* ।

# धानको नयाँ जात
# सुनौलो सुगन्धा

**बीउबिजन** समितिको जात अनुमोदन, उन्मोचन तथा दर्ता समितिको बैठकले वर्षे धानबालीका लागि 'सुनौलो सुगन्धा' नामक नयाँ उन्नत जातको बीउको औपचारिक पहिचान गरेको छ । जैविक विविधता अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (लिबर्ड), सिएजेडएस-एनआर बेलायत, बेंगर विश्वविद्यालय बेलायत, जस्केलो युवा क्लब चितवन, नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गतको राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, कृषि विभाग, स्थानीय गैरसरकारी एवम् सामुदायिक संस्थाहरू र कृषकहरूको संयुक्त सहभागितामा १० वर्षसम्म कृषि अनुसन्धान केन्द्र र कृषकको जमिनमा निरन्तर गरिएका परीक्षणका आधारमा सो धानको जात उन्मोचन गरिएको हो । बेलायतको अन्तर्राष्ट्रिय विकास विभागको आर्थिक सहयोगमा सो परीक्षण गरिएको थियो । सो नयाँ जात तराई, भित्रीमधेस र पहाडका



५ सय मिटरसम्मको उचाइको बेसीक्षेत्रका मनसुनमा आश्रित र सिञ्चित दुवै अवस्थाका जमिनका लागि खेती गर्न सकिने भनी सिफारिस गरिएको छ *(www.libird.org/variety_release.htm)* ।

# घिउ उद्योग
# प्रभावित

**भारतले** अन्तर्राष्ट्रिय बजारबाट आयात गर्ने वनस्पति घिउको कच्चा पदार्थमा लगाउँदै आएको कर शून्यमा झारेपछि नेपाली वनस्पति घिउ उद्योग प्रतिस्पर्धा गर्न नसकी बन्द हुने अवस्थामा पुगेको छ । भारत र नेपालमा मलेसिया र अर्जेन्टिनाबाट घिउको कच्चा पदार्थ आयात हुने गर्छ । आयात हुने घिउको कच्चा पदार्थमा भारतले ३ अप्रिल २००८ देखि भन्सार दर शून्य बनाएको छ । यसअघि भारतले घिउको कच्चा पदार्थमध्ये पाम आयलमा ८० र सोयाबिन आयलमा ९० प्रतिशत कर लिन्थ्यो । भारतले करको दर शून्य बनाएपछि नेपाली उत्पादनभन्दा भारतीय उत्पादनको मूल्य सस्तो पर्न गएको छ । अबका दिनमा वनस्पति घिउ नेपालबाट भारत निर्यात हुने नभई त्यहाँबाट ठूलो परिमाणमा आयात हुने अवस्था सिर्जना भएको छ ।

अन्तर्राष्ट्रिय बजारमा ५ सय अमेरिकी डलर पर्ने पाम आयल र सोयाबिन आयलको मूल्य वृद्धिपछि १ हजार २ सय ५० अमेरिकी डलर पुगेको छ । यस्ता कच्चा पदार्थलाई जैविक इन्धनको उत्पादनमा प्रयोग गर्न थालिएपछि अन्तर्राष्ट्रिय बजारमा पाम आयल र सोयाबिन आयलको मूल्यमा वृद्धि भएको हो ।

नेपाली वनस्पति घिउको मुख्य बजार भारत हो । नेपालमा १० अर्ब रूपैयाँभन्दा बढीको लगानीमा १६ वटा घिउ उद्योग सञ्चालनमा छन् । यहाँका १६ वटा उद्योगले वार्षिक ५ अर्ब रूपैयाँ बराबरको ३ लाख ५० हजार टन घिउ भारत निकासी गर्दै आएका छन्, तर अबका दिनमा त्यसो नहुने देखिएको छ । वनस्पति घिउ उद्योगलाई बन्द हुन नदिन सरकारले घिउमा लगाउँदै आएको मूल्य अभिवृद्धि करलाई तत्कालै शून्य प्रतिशतमा झार्नुपर्ने र उद्योगी व्यवसायीहरूलाई कसरी राहत दिन सकिन्छ भन्ने विषयमा सरकार गम्भीर हुनुपर्ने देखिएको छ *(कान्तिपुर, २४ चैत २०६४)* ।

# उदार व्यापारमा राज्यको भूमिका

अन्तर्राष्ट्रिय बजारमा स्वदेशी उत्पादनको पहुँच बढाउन प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, संस्थागत संरचनाको निर्माण र सुधार तथा बजार विविधीकरण गर्नेजस्ता क्रियाकलापमा निजीक्षेत्रसँगको सहकार्यमा राज्यले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

■ **प्रकाश घिमिरे**




आर्थिक समृद्धिका लागि कुनै पनि राष्ट्रको अन्तर्राष्ट्रिय व्यापारको विस्तार हुनु अपरिहार्य मानिन्छ । व्यापारबाट प्राप्त हुने प्रतिफल उत्पादनका साधनहरू श्रम, पूँजी, उद्यमशीलता र जमिनका मालिकहरूमा क्रमशः ज्याला, ब्याज, नाफा र लगानका रूपमा वितरण हुन्छ । अन्ततः उत्पादन कार्यमा संलग्न सबै वर्गको आय वृद्धिमा सहयोग पुग्दछ । यसै कारण विश्वका धेरैजसो राष्ट्रहरू आफ्नो देशको व्यापार विस्तार गर्न र त्यसलाई दिगो बनाउन उदारीकरणको नीतिलाई आत्मसात् गरेर अगाडि बढेका पाइन्छन् ।

व्यापार उदारीकरण एडम स्मिथको श्रमको विभाजन र डेभिड रिकार्डोको तुलनात्मक लाभको सिद्धान्तमा आधारित छ जसअनुसार कुनै एक राष्ट्रले अन्य राष्ट्रको तुलनामा सस्तो र गुणस्तरीय रूपमा उत्पादन गर्न सक्ने वस्तु उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने र त्यसरी उत्पादन गर्न नसकिने वस्तु अन्यत्रबाट आयात गर्नुपर्दछ । त्यसका लागि स्थिर स्तर उत्पादन, समरूपी श्रमशक्ति, वस्तु तथा सेवाको खुला आवतजावत र यातायात लागत शून्य हुनु आवश्यक हुन्छ । यसको अर्थ अन्तर्राष्ट्रिय व्यापारबाट समग्र रराष्ट्रको कल्याणलाई अभिवृद्धि गर्न उच्च प्रविधिमा सबै राष्ट्रको समान पहुँच, मानव संसाधनको विकास, सबैप्रकारका भन्सार अवरोधको अन्त्य र सहज पारवहनको व्यवस्था हुनु अनिवार्य हुन्छ । ती आधारशिलाको अभावमा न उदारीकरणबाट लाभ हासिल गर्न सकिन्छ न उदारीकरणको लाभको मूल्यांकन गर्नु नै उपयुक्त हुन्छ । यस परिप्रेक्ष्यमा उदारीकरणसँगसँगै माथि उल्लिखित आधारशिला नभएका राष्ट्रमा तिनको विकास र विस्तारका लागि राज्यले के-कस्ता कार्यहरू गरेको छ भन्नेतर्फ ध्यान दिनु जरूरी हुन्छ ।

## नेपालमा व्यापार उदारीकरण

संरचनात्मक समायोजन कार्यक्रम-१९८५ बाट सुरु भएको नेपालको व्यापार उदारीकरणको प्रक्रिया सन् १९९० मा भएको राजनीतिक परिवर्तनपछि द्रुतगतिमा अगाडि बढ्यो । यस क्रममा नेपाल सरकारले बजारमा आधारित विदेशी विनिमय दर निर्धारणको नीति, भन्सार दरको कटौती, निर्यातमुखी अन्तर्राष्ट्रिय व्यापार नीति, नयाँ व्यापार नीति, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, सार्वजनिक संस्थानको निजीकरण आदिजस्ता धेरै नीतिगत परिवर्तन गरेर आर्थिक सुधारको कार्यक्रमलाई अगाडि बढाएको देखिन्छ ।

व्यापार उदारीकरण गर्नु भनेको राज्यले व्यावसायिक कार्यमा उसको सहभागिता छोड्नु, त्यस्तो कार्यमा निजी क्षेत्रलाई प्रोत्साहित गर्नु, व्यापार विस्तारका अवरोधहरूलाई खारेज गर्नु र राज्यको अनावश्यक खर्च नियन्त्रण गर्नु हो । तसर्थ उदार अर्थनीतिबाट लाभ प्राप्त गर्न नेपालजस्तो अल्पविकसित राष्ट्रमा राज्यको दायित्व अझ बढी महत्त्वपूर्ण रहन्छ । यस सन्दर्भमा नेपालले उदारीकरण नीतिसँगै त्यसका पूरक नीति (Complementary Policy) र क्षतिपूरक नीति (Compensatory Policy) पनि अगाडि बढाउनु आवश्यक हुन्छ ।

## पूरक नीति

खुला अन्तर्राष्ट्रिय व्यापारबाट कुनै राष्ट्र र त्यहाँका जनता लाभान्वित हुनका लागि उक्त राष्ट्रको प्रतिस्पर्धात्मक क्षमता अधिकतम हुनुपर्छ । आफ्नो प्रतिस्पर्धात्मक क्षमता बढाउन राष्ट्रले विभिन्न उपायको अवलम्बन गर्नुपर्छ । खास गरी मानव संसाधन, प्रविधि र भौतिक पूर्वाधार पर्याप्त मात्रामा नभएका देशहरूमा ती क्षेत्रको विकास र विस्तार गर्ने दायित्व राज्यको नै हुने गर्छ । जुन देशमा व्यवस्थित यातायात प्रणाली तथा पारवहन सुविधा छैन त्यस्तो देशमा खुला व्यापार पद्धतिले लाभ प्रदान गर्छ भन्न सकिँदैन ।

यातायात प्रणाली तथा पारवहन व्यवस्था कमजोर भएको कारण नेपालले अन्तर्राष्ट्रिय व्यापारमा धेरै चुनौतीको सामना गर्नुपरेको छ । नेपालका ११ जिल्लामा अझैसम्म सडक यातायात पुगेको छैन । राजमार्गसँग नजोडिएका र बिजुलीको सुविधा नभएका धेरै गाउँहरू छन् । देशभित्रको आन्तरिक यातायात र पारवहनसमेत् सरल, व्यवस्थित र गुणस्तरीय नभएकाले आयात गरिएका वस्तु भन्दा स्वदेशी वस्तुहरू महँगो हुने गरेका छन् ।

विश्व बैंकले गार्हस्थ्य लागत, वस्तु आपूर्तिको समयावधि, यातायातको गुणस्तर आदि पक्षलाई समेटेर प्रत्येक वर्ष संसारको *ट्रेड लजिस्टिक पर्फर्मेन्स इन्डेक्स* सार्वजनिक गर्ने गर्छ । पछिल्लो प्रतिवेदनले वैदेशिक व्यापारको उल्लिखित पक्षमा नेपाल भुटानभन्दा पनि पछाडि (१३० औं

स्थानमा) रहेको देखाएको छ । त्यसैले सडक यातायात, रेल, सुक्खा बन्दरगाह, विमानस्थल आदिको सञ्जाल विस्तार तथा ऊर्जा उत्पादनमा राज्यले कार्य गर्नुपर्ने हुन्छ ।

नेपालले अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने वस्तु तथा तिनको बजारको विविधीकरण गर्न सकेको छैन । अहिले पनि कुल व्यापारको ६३ प्रतिशतभन्दा बढी व्यापारिक कारोबार भारतसँग मात्रै हुने गरेको छ । त्यसैले नेपाल सरकारले वस्तु र बजार विविधीकरण गर्न आवश्यक अध्ययन-अनुसन्धानका आधारमा रणनीति तयार पारी तिनको कार्यान्वयनमा जोड दिनु महत्त्वपूर्ण हुन्छ । नेपाल विश्व व्यापार संगठन, साफ्टा तथा बिमस्टेकजस्ता संगठनको सदस्य भइसकेको सन्दर्भमा अन्तर्राष्ट्रिय र क्षेत्रीय बजार पहुँचबाट लाभ लिन विभिन्न दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । जस्तै अन्तर्राष्ट्रिय स्तरका प्रयोगशालाहरूको निर्माण र तिनलाई चाहिने प्राविधिकको उत्पादन तथा अन्तर्राष्ट्रिय व्यापारको वार्तामा सहभागी हुने अधिकारीहरूको क्षमता अभिवृद्धिका लागि समेत राज्यले निरन्तर कार्य गर्नु आवश्यक छ ।

राज्यले निर्वाह गरेको सकारात्मक भूमिकाका कारण धेरै राष्ट्रहरू उदारीकरणबाट लाभान्वित भएका छन्, जस्तै-सिंगापुर, चीन र भारत । ती देशहरूमा आवश्यक पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने कार्यमा राज्यका तर्फबाट व्यापक लगानी निरन्तर रूपमा गरिएको छ । '*ट्रेड लजिस्टिक पर्फर्मेन्स इन्डेक्स*'मा सिंगापुर पहिलो स्थानमा रहेको छ । चीनले रेलवे, मोटरबाटो र विमानस्थल निर्माणमा क्रान्ति नै गरिरहेको छ । उसले समय र खर्चका हिसाबले अत्यन्त कुशल यातायात र पारवहन पद्धति निर्माण गर्दै छ । त्यसैले अहिले नै कुल विश्व व्यापारको ८ प्रतिशत ओगटेको चीनले भविष्यमा आफ्नो व्यापार कारोबार अझ बढाउने स्पष्ट छ । भारतले पनि भौतिक पूर्वाधार विस्तार र स्तरोन्नति गर्नका लागि व्यापक लगानी गर्दै आएकाले उसको अन्तर्राष्ट्रिय व्यापार पनि विस्तार हुँदै गरेको देखिएको छ ।

नेपालले उदार नीति अपनाइसकेपछि पनि भौतिक पूर्वाधारको विस्तार र लाभका क्षेत्रको पहिचान गर्न उल्लेख्य कार्य गरेको पाइँदैन । नेपालमा कृषि क्षेत्रलाई तुलनात्मक लाभको क्षेत्र मानिए पनि यस क्षेत्रको विकासका लागि राज्य उदासीन देखिएको छ । नेपालको कुल वैदेशिक व्यापार सन् १९८५ को तुलनामा १९ गुणाले वृद्धि भएपनि झण्डै त्यति नै गुणामा व्यापार घाटा बढेको छ । उदारीकरणसँगै धेरैजसो सार्वजनिक संस्थानको निजीकरण गरियो तर त्यसबाट प्राप्त भएको राजस्व साधारण खर्चका लागि उपयोग गरिनु एक गलत कदम थियो । नेपालमा पूँजीगत खर्चका लागि स्रोतको कमी रहेको परिवेशमा नेपालीले वैदेशिक रोजगारीबाट आर्जन गरी पठाएको रेमिटेन्स र गैरआवासीय नेपालीसँग रहेको पूँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नु ज्यादै महत्त्वपूर्ण हुन्छ ।

## क्षतिपूरक नीति

उदार व्यापार नीतिको कार्यान्वयनपछि देशको अर्थव्यवस्था श्रमको विशिष्टीकरण र प्रविधिको स्तरोन्नतितर्फ उन्मुख हुने एवम् उक्त देशको तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रको अधिकतम उपयोग गर्न मार्गप्रशस्त हुने मानिन्छ । तर यसबाट तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ कम भएका र कुनै प्रकारको संरक्षणले गर्दा मात्र संचालन भएका उद्योगहरू भने क्रमशः विस्थापित हुँदै जान्छन् । यस्तो अवस्थामा त्यस्ता उद्योगको पुनर्स्थापना गर्दै अर्थतन्त्रलाई गतिशील बनाउन राज्यको दायित्व अहम् हुने गर्छ । पुनर्स्थापना गरी संचालन गर्न सकिने सम्भावना भएका रूग्ण तथा साना उद्योगका लागि आवश्यक सुधार जस्तै प्रविधिको विकास, मानव संसाधनको विकास आदिमा राज्यले सहयोग गर्नुपर्छ । त्यसका साथै सुधार गरेर पनि प्रतिस्पर्धी बनाउन नसकिने अवस्थामा विस्थापित हुने श्रमिकवर्गको वैकल्पिक रोजगारीको प्रबन्धसमेत राज्यले गर्नुपर्छ । यस किसिमको प्रबन्ध गर्न अमेरिकामा Trade Adjustment Assistance र युरोपेली संगठनमा Globalization Adjustment Fund खडा गरिएका छन् । ती कोषले व्यापार उदारीकरणबाट नकारात्मक प्रभाव परेका समूहलाई सहयोग गरी नयाँ परिस्थितिअनुरूप स्थापित हुनका लागि सहयोग गर्छन् । अमेरिकाले हरेक वर्ष एक अर्ब डलर त्यस्ता विस्थापितहरूको पुनर्स्थापनाका लागि खर्च गर्ने गर्छ । तर यस्तो व्यवस्था हाम्रो जस्तो मुलुकमा भएको देखिँदैन ।

> राज्यको सकारात्मक भूमिकाको परिणामस्वरूप सिंगापुर, चीन तथा भारतजस्ता राष्ट्रहरूले अन्तर्राष्ट्रिय व्यापारमार्फत् समुन्नति हासिल गरिरहेका छन् ।

केही वर्षअघिसम्म नेपालको तयारी पोशाक उद्योगमा झण्डै एक लाख श्रमिक रोजगार थिए । त्यसमा पनि अशिक्षित, सीप नभएका, महिला र दलितवर्गका श्रमिकको बाहुल्य थियो । तर सहुलियत कोटाको व्यवस्था खारेज भएपछि यो उद्योग पूरै तहसनहस भई ५ हजारभन्दा कम व्यक्तिहरूले मात्र काम पाइराखेका छन् । विस्थापितमध्ये धेरै बेरोजगार नै छन् । तर नेपाल सरकारका तर्फबाट ती विस्थापितहरूको वैकल्पिक रोजगारी , उद्योगको पुनर्स्थापना र स्तरोन्नतिका लागि कुनै पहल भएको छैन ।

नेपालले कृषि क्षेत्रको पनि उदारीकरण गर्दै यस क्षेत्रका सबैजसो अनुदानसमेत कटौती गरेको छ । नेपालसँग खुला सिमाना रहेको भारतमा भने किसानहरूलाई ठूलो मात्रामा अनुदान दिइएको छ । यस्तो अनुदान पाएको भारतीय कृषि क्षेत्रको उत्पादनले अनुदान नपाएको नेपाली कृषि उत्पादनलाई विस्थापित गरिदिएको छ । यसै वर्ष पनि भारतले करिब ४ करोड साना किसानलाई करिब ६० हजार करोड ऋण मिनाहा गरिदिएको छ । यस्तो अवस्थामा जीवन निर्वाहका लागि परम्परागत ढंगले सानो स्तरको खेती गर्ने नेपाली किसानको जीवनयापनमा संकट आउने देखिन्छ । नेपाली किसानहरूको निर्वाहमुखी खेती प्रणालीबाट हुने उत्पादनले अन्तर्राष्ट्रिय व्यापारमा खासै स्थान बनाउन सकेको छैन । कृषिको विविधीकरण र व्यावसायिकीकरणका लागि कृषक तालिम, संरचनात्मक व्यवस्था, बजार विस्तार, मलखाद तथा अन्य कृषि सामग्रीको व्यवस्था, सिँचाइ, कृषि सडक, ऋण सुविधा, प्रयोगशाला एवम् शीतभण्डारको निर्माण आदिमा लगानी गर्नु राज्यको दायित्व हो ।

## निष्कर्ष

कुनै पनि राज्यको दायित्व आफ्ना जनताको अधिकतम कल्याण गर्नु हो । भौतिक पूर्वाधारको विकास गरेर देशको उत्पादन लागत घटाई अन्तर्राष्ट्रिय बजारमा आफ्नो उत्पादनको दिगो हिस्सेदारी स्थापित गर्ने, विस्थापित भएका समुदायलाई आर्थिक मूल प्रवाहमा सहभागी गराउने, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गराउने, देशको निर्यात क्षमता बढाउन विभिन्न संस्थागत कार्य गर्ने तथा बजार विविधीकरण गर्नेजस्ता विषयमा राज्यको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले तुलनात्मक लाभका क्षेत्र पहिचान गरी अन्तर्राष्ट्रिय बजार विस्तारका लागि राज्यले निरन्तर कार्य गर्नुपर्छ । भन्सार दर कटौतीको विषयलाई मात्र व्यापार उदारीकरणका रूपमा बुझ्नु र पूरक रणनीतिको कार्यान्वयन पक्षलाई नहेरी एकांगी रूपमा भन्सार उदारीकरणको प्रभावलाई मात्र हेरेर उदारीकरणले नेपाललाई लाभ दिँदैन भन्ने निष्कर्षमा पुग्नुलाई उचित मान्न सकिन्न ।

*घिमिरे प्रो पब्लिकमा कार्यक्रम अधिकृत हुनुहुन्छ ।*

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा

# खाद्य संप्रभुता

विभिन्न अन्तर्राष्ट्रिय महासन्धि एवम् घोषणापत्रहरूमा मानव अधिकारको एक आधारभूत अंगका रूपमा लिइएको खाद्य संप्रभुता सुनिश्चित गर्नु आवश्यक भए पनि यो कार्य चुनौतीपूर्ण छ ।

■ डा. कृष्णप्रसाद पन्त

शारीरिक आवश्यकताअनुरूप खाद्य वस्तु प्राप्त गर्नु मानवको प्राकृतिक अधिकार हो । खाद्यसुरक्षालाई मानव अधिकारको एक आधारभूत अंगका रूपमा लिइएको छ । यो अधिकारलाई अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूले पूर्ण मान्यता दिएका छन् । खाद्य वस्तुमा मानवको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको सुरुवात 'मानव अधिकारको विश्वव्यापी घोषणा (१९४८)' बाट भयो । यस घोषणापत्रका ३० धाराहरूमध्ये स्वतन्त्रता र प्रतिष्ठाको अधिकार, भेदभाव विरूद्धको अधिकार, राष्ट्रियताको अधिकार, सामाजिक सुरक्षाको अधिकार र गास, बास, कपासको अधिकार प्रमुख छन् । प्रत्येक व्यक्तिलाई उसको र उसको परिवारको स्वास्थ्य कल्याणको लागि खानाको सुविधासहित स्तरयुक्त जीवनयापन गर्ने अधिकार छ भन्ने कुरा यस घोषणापत्रले सुनिश्चित गरेको छ (तालिका १) ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको झण्डै दुई दशकपछि मात्र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (१९६६) जारी भयो । यस प्रतिज्ञापत्रले प्रत्येक व्यक्तिको भोकमरीबाट छुटकारा पाउने अधिकारलाई स्थापित गरिदिएको छ (धारा ११.१ र ११.२) । यसका लागि सदस्य राष्ट्रहरूले प्राविधिक र वैज्ञानिक ज्ञानको प्रयोग, पोषणसम्बन्धी ज्ञानको प्रचारप्रसार र कृषिको सुधार गरी खाद्य उत्पादन, संरक्षण र वितरणका तरिकाहरूमा सुधार ल्याउनुपर्दछ । त्यसै गरी विश्वमा उपलब्ध खाद्य पदार्थलाई आवश्यकताका आधारमा समानुपातिक ढंगले वितरण गर्न आयात र निर्यात गर्ने देशहरूको समस्यालाई ध्यान दिनुपर्ने कुरा उल्लेख छ ।

राज्यका क्रियाकलापहरूमा परिवर्तन गरी खाद्य सुरक्षा सुनिश्चित गराउन महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि (१९७९) ले पनि सहयोग गरेको छ । यो महासन्धिको प्रस्तावनामा गरीब अवस्थामा रहेका महिलाहरूको खाद्य वस्तुमा पहुँच अति न्यून भएकोमा चिन्ता व्यक्त गरिएको छ । साथै पक्ष राष्ट्रहरूले गर्भिणी महिलाहरू र बच्चालाई स्तनपान गराउने महिलाहरूको आवश्यक पोषण सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था छ (धारा १२.२) ।

यसै गरी बाल अधिकारसम्बन्धी महासन्धि (१९८९) ले पनि बालबालिकाको खाद्य अधिकारसम्बन्धी व्यवस्था गरेको छ । यस महासन्धिमा राज्यले बालबालिकालाई पर्याप्त पोषणयुक्त खाद्य पदार्थ र सफा पिउने पानीको व्यवस्था गरी रोग र कुपोषण विरूद्ध लड्न सक्ने बनाउनुपर्ने व्यवस्था छ (२४.२ ग) ।

यसरी संयुक्त राष्ट्रसंघीय मानव अधिकार लिखतहरूअन्तर्गत खाद्य संप्रभुतालाई व्यक्तिको आधारभूत अधिकारको रूपमा स्थापित गरिएको छ । व्यक्तिका यस्ता अधिकारहरूलाई पूरा गर्नु राज्यको दायित्व ठानिएको छ ।

विश्व खाद्य सम्मेलन (१९७४) पछि खाद्य सुरक्षासम्बन्धी अवधारणाले नीतिगत प्राथमिकता पाएको भए पनि विश्व खाद्य सम्मेलन (१९९६) पछि मात्र यसले गति पायो । यो सम्मेलनले सबै जनतालाई खाद्य सुरक्षाको सुनिश्चितता गर्नु राज्यको दायित्व हो भन्ने प्रस्ट पार्‍यो । पर्याप्त, स्वच्छ र पोषणयुक्त, आवश्यकता र चाहनाअनुसारको खानामाथि प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँच भएमा मात्र खाद्य सुरक्षा भएको मान्न सकिने तथ्य उक्त सम्मेलनले सार्वजनिक गर्‍यो । त्यसै गरी सहस्राब्दी विकास लक्ष्यले सन् २०१५ सम्ममा

**तालिका १ संयुक्त राष्ट्रसंघीय मानव अधिकार लिखतहरूअन्तर्गत खाद्य संप्रभुता**

| अन्तर्राष्ट्रिय सम्झौता | खाद्य संप्रभुता |
|---|---|
| मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ | प्रत्येक व्यक्तिलाई स्वास्थ्य र कल्याणको लागि खानाको सुविधासहित स्तरयुक्त जीवनयापन गर्ने अधिकार छ (धारा २५.१) |
| आर्थिक, सामाजिक, तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ | प्रत्येक व्यक्तिको भोकमरीबाट छुटकारा पाउने अधिकारलाई यस प्रतिज्ञापत्रले स्थापित गरिदिएको छ (धारा ११.१ र ११.२) |
| महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९ | यो महासन्धिको प्रस्तावनामा गरीब अवस्थामा रहेका महिलाहरूको खाद्य वस्तुमा पहुँच अति न्यून भएकोमा चिन्ता व्यक्त गरिएको छ |
| बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ | पर्याप्त पोषणयुक्त खाद्य पदार्थ र सफा पिउने पानीको प्रावधानद्वारा रोग र कुपोषण विरूद्ध लड्ने व्यवस्था गरी बालबालिकाको संरक्षण गर्नु राज्यको जिम्मेवारीभित्र पर्दछ (२४.२ ग) |

भोकाहरूको संख्या सन् १९९६ को भन्दा आधाले घटाउने उद्देश्य लिएको छ ।

हाल आएर गैरसरकारी सामाजिक संस्थाहरूले राज्यबाट सुनिश्चित गरिने खाद्य सुरक्षाको अवस्थाले मात्र नागरिकको खाद्य अधिकार संरक्षण गर्न सक्दैन भन्दै खाद्य संप्रभुताको अवधारणा अघि सारेका छन् जसअनुसार खाद्य पदार्थ अन्य व्यापारिक वस्तुसरह बजार संयन्त्रबाट नै मूल्य तथा आपूर्ति निर्धारण हुने वस्तुको रूपमा हेरिनु हुँदैन । त्यसैले राज्यले खाद्य वस्तु उत्पादकको हक संरक्षण गर्दै उत्पादन, उपभोग तथा वितरणको स्थितिमा सुधार गर्नु आवश्यक छ ।

विश्व व्यापार संगठनको कृषि सम्झौताले खाद्य वस्तुलाई अन्य व्यापारिक वस्तुसरह नै व्यवहार गरेकोमा धेरैको असन्तुष्टि छ । के भनिन्छ भने कृषि र खाद्य सुरक्षाबिना राज्य वास्तविक रूपमा सार्वभौम रहन सक्दैन ।

यसै तथ्यलाई हृदयंगम गरी नेपालको अन्तरिम संविधान (२०६३) ले पनि खाद्य संप्रभुतालाई आधारभूत मानव अधिकारको मान्यता प्रदान गरेको छ । यो संविधानको मौलिक हक (भाग ३) मा रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हकअन्तर्गत प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम खाद्य संप्रभुताको हक हुनेछ भनी उल्लेख छ (धारा १८.३) । यस प्रयोजनको लागि कानूनी व्यवस्था भने अझै हुन सकेको छैन । त्यसै गरी राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू (भाग ४) अन्तर्गत खाद्य संप्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिनु (धारा ३३ ज) राज्यको दायित्व हुने उल्लेख छ । राज्यका नीतिहरू (धारा ३५.१०) ले खाद्य संप्रभुतामा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजाति, मधेशी, दलितलगायत सीमान्तीकृत समुदाय, गरीबीको रेखामुनिका मजदूर तथा किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने भन्ने उल्लेख छ तर त्यस स्तरको नीति राज्यले अवलम्बन गरिसकेको अवस्था छैन । फलस्वरूप नेपालको करीब ३५ प्रतिशत जनसंख्याले खाद्य संप्रभूताको अभाव महसुस गरिरहेका छन् ।

कृषि क्षेत्रको विकासका लागि राष्ट्रिय कृषि नीति (२०६१) र राष्ट्रिय कृषि व्यवसाय नीति (२०६३) जारी गरी व्यावसायिकरणको लागि जोड दिइएको छ । नीतिगत व्यवस्था भए पनि राज्य पक्षबाट खाद्यान्न उत्पादनमा खासै जोड दिएको देखिँदैन एवम् आशा गरिएअनुरूप प्रगति हुन सकेको पनि छैन । तीनवर्षीय अन्तरिम योजना (२०६४) ले कृषि अनुसन्धान, प्रविधि प्रसार, बजार व्यवस्थापन, कृषि व्यवसाय प्रवर्द्धन, खाद्य प्रविधिको विकास र खाद्य वस्तुको गुणस्तर नियन्त्रणमा जोड दिएको छ । यसबाट खाद्य उत्पादन, संवर्द्धन र उपभोगमा वृद्धि हुने र खाद्य संप्रभुताको स्थितिमा पुग्न सहयोग हुने आशा गरिएको छ । तर खाद्यान्नको समस्या जटिल रहेका दुर्गम जिल्लाहरूमा खाद्य समस्या तुरुन्तै समाधान गर्न सकिने अवस्थामा छैन । यस्ता क्षेत्रहरूमा खाद्य वस्तुको आपूर्तिको विशेष आवश्यकता छ । दुर्गम जिल्लाहरूमा सरकारले नेपाल खाद्य संस्थानमार्फत केही मात्रामा खाद्यान्न वितरण गरे पनि यी जिल्लाहरूको खाद्यान्न आवश्यकताको तुलनामा ज्यादै नै अपुग रहेको छ । खाद्यान्न उपलब्ध गराउने अन्य उपायमा कामका लागि खाद्यान्न, विद्यालय खाजा कार्यक्रम (शिक्षाका लागि खाद्यान्न) आदिजस्ता कार्यक्रम संचालन हुँदै आएका छन् तथापि दुर्गम ग्रामीण क्षेत्रको अधिकांश भागमा खाद्यान्नको पहुँच न्यून छ ।

यस अन्तरिम योजनामा यी विषयहरूमा केन्द्रित रही खाद्य सुरक्षाका मुख्य चार पक्षहरू खाद्य उपलब्धता, खाद्य वस्तुमाथिको पहुँच, खाद्य पदार्थको उचित प्रयोग र खाद्य स्थिरतामा सुधार ल्याउन आवश्यक नीति र कार्यक्रम उल्लेख भएका छन् । खाद्य सुरक्षाका आधारमा कतिपय व्यक्ति, समूह र समुदाय आज पनि मानवोचित जीवनस्तरमा नरहेका पाइन्छन् । गरीब महिला, दलित, आदिवासी, जनजाति, मधेसी, अपांग, श्रमिक एवम् विपन्नवर्ग खाद्य सुरक्षाको सन्दर्भमा अत्यन्त कमजोर स्थितिमा रहेका छन् । खाद्य पदार्थको वितरणमा लिंग, उमेर र जातीय विभेद हुनु खाद्य संप्रभुताको ठूलो चुनौती हो ।

नेपालमा प्रचुर मात्रामा रहेको जैविक विविधताको उपयोग गरी सन्तुलित र पोषणयुक्त खाद्यान्न उत्पादन गर्न सकिने प्रशस्त सम्भावना छ । तर वंशाणुगत परिवर्तन गरिएका विदेशबाट आयातित खाद्य वस्तु विशुद्ध प्राकृतिक खाद्य वस्तुसँग नछुट्टिने गरी बिक्री-वितरण हुनु खाद्य सुरक्षाको लागि चुनौतीका रूपमा रहेको छ । खाद्य तथा पोषण सुरक्षामा सरोकार राख्ने सबै पक्षहरूबीच समन्वय तथा तिनीहरूको सबलीकरण गरी प्रत्येक व्यक्तिको खाद्य संप्रभुता सुनिश्चित गर्दै जनताको जीवनलाई स्वस्थ एवम् उत्पादनशील बनाउनु आजको आवश्यकता हो । यसका लागि खाद्य वस्तुहरूको उत्पादन बढाउनु, गुणस्तर अभिवृद्धि गर्नु र खाद्य संकट परेका जनताहरूको क्रय क्षमतामा अभिवृद्धि गरी जोखिम न्यूनीकरण गर्नु अति आवश्यक छ । यसका लागि खाद्य सुरक्षासम्बन्धी योजनाहरूको तर्जुमा, कार्यान्वयन र अनुगमनमा पर्याप्त समन्वय गरिनु आवश्यक छ । साथै उपभोक्ता संरक्षण ऐन (२०५४) लाई प्रभावकारी कार्यान्वयन गरी उपभोक्ता हित र खाद्य संप्रभुताको प्रवर्द्धन गर्नु ज्यादै आवश्यक छ ।



*डा. पन्त राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषमा वरिष्ठ कार्यक्रम अधिकृत हुनुहुन्छ ।*

# साफ्टाले नेपाललाई फाइदा गर्ला ?

नेपालको वैदेशिक व्यापार भारतसँग बढी केन्द्रित रहेको सन्दर्भमा साफ्टाले मुलुकलाई बजार र उत्पादन विविधीकरण गर्न प्रशस्त अवसरहरू प्रदान गर्न सक्छ कि सक्दैन भन्ने विषय महत्त्वपूर्ण छ ।

■ निलु थापा

व्यापार उदारीकरणले आर्थिक समृद्धि ल्याउँछ, गरीबी घटाउँछ र रोजगारीका नयाँ अवसरहरू सिर्जना गरेर आय वृद्धिमा सहयोग पुऱ्याउँदछ भन्ने तथ्यलाई विभिन्न समयमा गरिएका अध्ययनहरूले प्रष्ट्याएको पाइन्छ । यी तथ्यलाई आत्मसात् गरी नेपालले सन् १९८० को दशकबाट खुला अर्थतन्त्रको नीति अगाडि बढायो जसलाई सन् १९९० पछि तीव्रता दियो ।

यसै क्रममा नेपालले विश्व व्यापार संगठन (World Trade Organisation–WTO), बिमस्टेक (Bay of Bengal Initiative for Multi Sectoral Technical and Economic Cooperation-BIMSTEC), सार्क (South Asian Association for Regional Cooperation-SAARC) जस्ता विभिन्न बहुपक्षीय र क्षेत्रीय संगठनको सदस्यता लियो र तीअन्तर्गत विभिन्न सन्धि-सम्झौताहरूको पक्ष राष्ट्रसमेत भयो । नेपालमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने, अन्तर्राष्ट्रिय लगानीलाई प्रोत्साहित गर्ने तथा खुला बजार सिद्धान्तलाई अनुसरण गर्ने सिलसिलामा थुप्रै नयाँ कानून, नीति तथा नियमहरू ल्याउने कार्य गरियो । यी सबै कारण आज नेपाल खुला अर्थतन्त्र आत्मसात् गर्ने दक्षिण एशियाली राष्ट्रहरूमध्ये अग्रपङ्क्तिमा रहेको छ ।

नेपालको व्यापार उदारीकरणको परिप्रेक्ष्यमा सार्कअन्तर्गतको क्षेत्रीय व्यापार सन्धि-साफ्टा (Agreement on South Asian Free Trade Area –SAFTA) लाई एक महत्त्वपूर्ण सम्झौताका रूपमा हेरिएको छ । साफ्टाका सदस्यहरूमध्ये नेपाल, बंगलादेश, भुटान, माल्दिभ्स तथा नयाँ सदस्य राष्ट्र अफगानिस्तान अतिकम विकसित र भारत, पाकिस्तान एवम् श्रीलंका विकासोन्मुख मुलुक रहेका छन् । सार्कका राष्ट्रहरूबीच थुप्रै व्यापार संभाव्यताहरू भए पनि यस क्षेत्रको आन्तरिक व्यापार न्यून रहेको छ । यस कुरालाई मनन् गरेर नै सन् २००३ मा पाकिस्तानको इस्लामाबादमा भएको सार्क शिखर सम्मेलनमा साफ्टामा हस्ताक्षर भयो जसलाई सन् २००६ को जुलाईदेखि कार्यान्वयनमा ल्याइयो । सार्क क्षेत्रमा विद्यमान व्यापारिक अवरोधहरू हटाई व्यापारलाई प्रोत्साहन गर्ने, एकअर्कासँगको व्यापारिक सम्बन्ध बढाउने र सार्क क्षेत्रको समग्र विकास गर्ने उद्देश्यले यो सम्झौता कार्यान्वयनमा ल्याइएको हो । साफ्टाअन्तर्गत अल्पविकसित तथा भूपरिवेष्टित राष्ट्रले विभिन्न सुविधा तथा सहुलियतहरू पाउने कुरा उल्लेख गरिएको छ जसबाट नेपालले पनि फाइदा उठाउन सक्ने संभावना देखिन्छ । यस लेखमा साफ्टा कार्यान्वयनबाट नेपालले प्राप्त गर्ने फाइदा-बेफाइदा बारे मूल्यांकन गर्नका लागि यसका प्रावधानहरू माथि विवेचना गर्न खोजिएको छ ।




## भन्सार दर

साफ्टाअन्तर्गत भन्सार दर जुलाई २००६ देखि दश वर्षभित्रमा दुई चरणमा घटाउनु पर्नेछ तर भन्सार दर घटाउने अवधि विभिन्न राष्ट्रका लागि फरक छ । पहिलो चरणमा अतिकम विकसित राष्ट्रहरूले ३० प्रतिशतसम्म भन्सार दर घटाउनुपर्नेछ । यदि भन्सार दर ३० प्रतिशतभन्दा कम छ भने हरेक वर्ष ५ प्रतिशतको दरले घटाउनुपर्नेछ । तर अतिकम विकसितबाहेकका राष्ट्रहरूले भन्सार दर २० प्रतिशत पुऱ्याउनु पर्ने र त्यो भन्दा कम भएमा वर्षको १० प्रतिशतका दरले घटाउनुपर्नेछ ।

त्यस्तै दोस्रो चरणमा अतिकम विकसित राष्ट्रहरूले भन्सार दर आठ वर्षभित्र शून्यदेखि ५ प्रतिशतमा कायम गर्नुपर्ने हुन्छ । त्यस्तै अन्य राष्ट्रहरूले साफ्टा कार्यान्वयनको तीन वर्षमा अतिकम विकसित सदस्य राष्ट्रहरूको निर्यातमा लगाउँदै आएको भन्सार दर घटाएर शून्यदेखि ५ प्रतिशतमा पुऱ्याउनुपर्नेछ । तर श्रीलंकाले भने यो प्रतिबद्धता पूरा गर्न ६ वर्षको अवधि पाएको छ ।

साफ्टाअन्तर्गतको उदारीकरण कार्यक्रममा नेपाली उत्पादनहरूमा भारत र पाकिस्तानमा २००९, श्रीलंकामा २०११ र अन्य राष्ट्रहरूमा २०१५ सम्ममा शून्यदेखि ५ प्रतिशत भन्सार शुल्क लाग्नेछ । तर यस किसिमको सुविधा पाउनका लागि सदस्य राष्ट्रले उत्पत्तिको नियम र संवेदनशील सूचीजस्ता अन्य केही प्रावधानहरू पनि पूरा गर्नुपर्ने हुन्छ ।

## उत्पत्तिको नियम

कुनै पनि राष्ट्रले वस्तु उत्पादनका विभिन्न चरण पार गर्दा सो वस्तुमा कति मूल्य अभिवृद्धि गरेको छ भन्ने कुराको मुल्यांकन उत्पत्तिको नियमअन्तर्गत गरिन्छ । साफ्टाअन्तर्गतको सहुलियत भन्सार दरमा सो नियम पूरा गरेमा मात्र वस्तुको निर्यात गर्न सकिन्छ । साफ्टाअन्तर्गत अतिकम विकसित राष्ट्रहरूका लागि उत्पत्तिको नियम ३० प्रतिशत, श्रीलंकाका लागि ३५ प्रतिशत र अन्य राष्ट्रहरूका लागि ४० प्रतिशत कायम गरिएको छ । नेपालका लागि उत्पत्तिको नियममा मूल्य अभिवृद्धिको प्रतिशत जति धेरै भयो उति नै निर्यात संभाव्यता कम हुन पुग्दछ ।

## संवेदनशील वस्तुहरूको सूची

साफ्टाअन्तर्गत वस्तुको भन्सार दर घटाउदै लैजानु पर्ने प्रावधान रहे पनि भन्सार दर तत्कालै घटाउन नसकिने वस्तुलाई संवेदनशील वस्तुको सूचीमा राखिन्छ । साफ्टाका सदस्यमध्ये अतिकम विकसित राष्ट्रहरूले विकसित राष्ट्रको तुलनामा धेरै वस्तुहरूलाई यस्तो सूचीमा राख्न पाउँछन् ।

नेपालले अतिकम विकसित सदस्य राष्ट्रहरूका लागि १ हजार २ सय ९९ वस्तुहरू र अन्य सदस्य राष्ट्रहरूका लागि १ हजार १ सय ३५ वस्तुहरू सो सूचीमा राखेको छ । संवेदनशील वस्तुको सूची हरेक चार वर्षमा पुनरावलोकन गरिने प्रावधान भए पनि यसलाई घटाउने सम्बन्धमा कुनै बाध्यात्मक व्यवस्था भने छैन । निर्यात संभाव्यता भएका धैरै वस्तु संवेदनशील वस्तुहरूको सूचीमा परेका कारण कतिपय सदस्य राष्ट्रहरूले साफ्टाबाट अपेक्षित फाइदा उठाउन सक्ने संभावना न्यून देखिन्छ ।

## विशेष एवम् पृथक् व्यवहार

साफ्टाअन्तर्गत अन्य राष्ट्रहरूले अतिकम विकसित राष्ट्रहरूलाई विशेष एवम् पृथक व्यवहार गर्नुपर्ने व्यवस्था छ । अत्यधिक आयातबाट आफ्ना उद्योगहरूमा गम्भीर क्षति पुगेमा सुरक्षाका लागि अतिकम विकसित राष्ट्रहरूले एन्टिडम्पिङ करका साथै अन्य उपायहरूसमेत अपनाउन सक्दछन् । त्यस्तै साफ्टा सम्झौतामा यी राष्ट्रहरूको निर्यात बढाउनका लागि प्राविधिक सहयोगको प्रावधान र भन्सार राजस्व घटेर अतिकम विकसित राष्ट्रलाई असर परेको खण्डमा त्यसको क्षतिपूर्ति पाउने प्रावधान पनि उल्लेख गरिएको छ ।

## गैरभन्सार अवरोधहरू

साफ्टामा गैरभन्सार अवरोधहरू महत्त्वपूर्ण मुद्दाका रूपमा देखिएका छन् । यस्ता अवरोधहरू कायमै रहेमा क्षेत्रीय व्यापारमा तुलनात्मक वृद्धि हुन नसक्ने कुरा सबैले स्वीकार गर्दै आएका छन् तापनि सदस्य राष्ट्रहरूबीच पटकपटक हुने गरेका बैठकमा यस सम्बन्धमा कुनै ठोस निष्कर्ष निस्कन सकेको छैन । पछिल्लो पटक काठमाडौंमा सम्पन्न बैठकमा नेपालले भारतमा औषधि दर्ता गर्दा तिर्नुपर्ने मूल्य बढी भएको र क्वारेन्टाइन जाँच गरेपछि निर्यातको अनुमति लिन बढी समय लागेको कुराहरू अगाडि सारेको थियो । त्यस्तै भारत, पाकिस्तान र बंगलादेशले पनि नेपालमा निर्यात गर्दा धेरै गैरभन्सार अवरोधहरूको सामना गर्नुपर्ने कुरा राखेका थिए । नेपालमा लगाइने कृषि विकास शुल्कलाई भारतले मुख्य गैरभन्सार अवरोधको रूपमा लिएको कुरा बताएको थियो ।

> क्षेत्रीय बजारमा विद्यमान व्यापार अवरोधहरू कम हुने वातावरण बने पनि नेपालले आपूर्ति पक्षका कमजोरीहरू हटाउन नसके साफ्टाबाट फाइदा लिन सक्दैन ।

## निष्कर्ष

साफ्टा कार्यान्वयनको क्रममा सदस्य राष्ट्रहरूले यसमा व्यवस्था गरिएका कतिपय प्रावधानहरूमा सुधारको आवश्यकता महसुस गरेका छन् । वस्तु व्यापारमा मात्र सीमित रहेको साफ्टा सम्झौताले आफ्नो दायरा बढाएर सेवा व्यापार र लगानीका विषयहरू पनि समावेश गर्नु आवश्यक छ । दक्षिण एशियाली मुलुकको अर्थतन्त्रमा सेवा व्यापारको हिस्सा बढ्दै गएको परिवेशमा नेपाललगायत बंगलादेश र भारतले पनि सेवा क्षेत्रको व्यापारबाट तुलनात्मक रूपमा धेरै फाइदा उठाउन सक्ने देखिन्छ ।

भारतसँग झण्डै दुई तिहाई व्यापारिक कारोबार गर्दै आएको नेपालले साफ्टाबाट अधिकतम लाभ लिन बजार विविधीकरण गर्न जरूरी देखिन्छ । यसै गरी दक्षिण एशियाली राष्ट्रहरूको निर्यात गरिने वस्तुहरू प्रायः एउटै हुने भएकोले साफ्टाअन्तर्गत फाइदा उठाउन नेपालले उत्पादनको विविधीकरणमा पनि जोड दिनु उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

त्यस्तै साफ्टाअन्तर्गत रहेका संवेदनशील वस्तुको सूचीलाई घटाउन पनि सदस्य राष्ट्रहरू प्रयत्नरत रहनु पर्ने देखिन्छ । नेपालको प्रतिस्पर्धात्मक क्षमता रहेका कतिपय वस्तुहरू अन्य देशको संवेदनशील वस्तुको सूचीमा रहेका छन् । यसले गर्दा नेपालको निर्यात संभाव्यतामा नकारात्मक प्रभाव पर्न सक्छ । नेपाल भारत व्यापार सन्धिअन्तर्गत तीन वटा वस्तु बाहेक अन्यले भारतमा भन्साररहित कोटारहित बजार पहुँच पाएका छन् । त्यसैले गैरभन्सार अवरोधहरू कायमै रहेमा साफ्टाको महत्त्व कम हुने भएकोले यस्ता अवरोधहरू हटाउदै जाने विषयमा पनि सदस्य राष्ट्रहरूबीच सहमति हुनु आवश्यक छ ।

साफ्टामा अतिकम विकसित सदस्य राष्ट्रका पक्षमा व्यवस्था भएको विशेष एवम् पृथक व्यवहारको प्रावधानबाट फाइदा उठाउनका लागि पनि नेपालले पहल गर्नुपर्दछ । यस अन्तर्गतका लिन सकिने प्राविधिक सहयोगबाट नेपालले आपूर्तितर्फका समस्याहरूलाई सम्बोधन गर्न सक्दछ ।

दक्षिण एशियामा व्यापार गर्नु महँगो र कठिन कार्य भएको सबैले महसुस गरेका छन् । जटिल कागजी कारवाही, धेरै समय लाग्ने भन्सार कार्यप्रणाली तथा विभिन्न राष्ट्रहरूको आयात र निर्यातका लागि भिन्दाभिन्दै आवश्यकता भएकोले व्यापारमा वृद्धि हुन सकेको छैन । नेपालमा पनि आयातका लागि ११ र निर्यातका लागि १५ वटा कागजी आवश्यकताहरू पूरा गर्नुपर्ने हुन्छ । त्यस्तै नेपालले भारततर्फ निर्यात गर्दा पनि भन्सार प्रणाली पूरा गर्न त्यति सहज छैन । निर्यात गर्दा क्वारेन्टाइन प्रक्रिया पूरा गर्नुपर्दछ र सोको प्रयोगशाला भने भन्सारको सिमाना भन्दा १ हजार कि.मि. टाढा छ ।

भन्सार प्रक्रिया सहज नबनाएमा तथा यसमा एकरूपता नल्याएमा साफ्टाअन्तर्गतको उदारीकरणबाट सदस्य राष्ट्रहरूले आशातित फाइदा उठाउन सक्ने देखिँदैन । साफ्टा सदस्यराष्ट्रहरूले साझा रूपमा प्रशस्त वैदेशिक लगानी आकर्षित गर्दै यस क्षेत्रीय सम्झौताबाट अधिकतम फाइदा उठाउनका लागि पनि व्यापार अवरोधहरूलाई हटाउनेतर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

त्यसैले दक्षिण एशियामा व्यापार उदारीकरणका माध्यमबाट अधिकतम आर्थिक लाभ लिने उद्देश्यले अगाडि ल्याइएको साफ्टा सम्झौताबाट नेपालले समेत अधिकतम लाभ लिनका निमित्त आफ्ना आपूर्ति पक्षका कमजोरीका साथै व्यापारका अवरोधहरू हटाउँदै जानु पर्ने हुन्छ ।

# पेट्रोलियम पदार्थ वितरण प्रणाली

# दक्षिण एशियाको सन्दर्भ

दक्षिण एशियामा पेट्रोलियम पदार्थको वितरण प्रणालीमा व्यवसायिकता र प्रतिस्पर्धाको प्रवर्द्धन गर्न सक्षम मुलुकहरूले निकै हदसम्म उपभोक्ताको इन्धनमाथिको पहुँचलाई सुनिश्चित गर्न सकेका छन् ।

■ **राजेन्द्र अधिकारी**




नेपाल आयल निगम नेपालमा पेट्रोलियम पदार्थको कारोबार गर्ने उद्देश्यले स्थापित पूर्ण सरकारी स्वामित्वको व्यावसायिक संस्थान हो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मातहतमा रहेर देशका लागि आवश्यक पर्ने सम्पूर्ण पेट्रोलियम पदार्थको आयात, भण्डारण तथा देशव्यापी बिक्री-वितरण निगमले गर्ने गर्दछ । नेपालमा पेट्रोलियम पदार्थको संभाव्यताबारे अझैसम्म पनि वैज्ञानिक अध्ययनबाट स्पष्ट रूपमा किटान गर्न सकिएको छैन । त्यस्तो सम्भावना रहेकै भए पनि विकास तथा उत्खननका लागि आवश्यक पर्ने ठूलो मात्राको पूँजी लगानी तथा अत्याधुनिक प्रविधि नेपालसँग उपलब्ध छैन । त्यसैले देशमा आवश्यक पर्ने सम्पूर्ण पेट्रोलियम पदार्थ तथा खनिज तेल अन्तर्राष्ट्रिय बजारबाट आयात गरी उपलब्ध गराउनु नेपालका लागि एकमात्र विकल्प रहेको छ । दक्षिण एशियाली देशहरूमा भारत, श्रीलंका, बंगलादेश र पाकिस्तानसँग केही मात्रामा पेट्रोलियम पदार्थको आन्तरिक स्रोत रहेको छ जसलाई उनीहरूले उपयोग गरिरहेका छन् । नेपाल तथा भुटान दुवै भूपरिवेष्टित तथा पेट्रोलियम पदार्थको आफ्नै स्रोत नभएका देश भएकाले सोको आपूर्तिका लागि प्रत्यक्ष रूपमा भारतसँग निर्भर छन् । माल्दिभ्सले आफ्नो सामुद्रिक अवस्थिति र भौगोलिक बनावटको कारणले पेट्रोलियम पदार्थको आन्तरिक आवश्यकता पूर्तिका लागि अन्य मुलुकहरूसँग मिलेर व्यावसायिक प्रशोधन गरी वितरण गर्ने गरेको छ ।

## वितरण प्रणाली

नेपालमा पेट्रोलियम पदार्थ कारोबारका लागि सन् १९७४ मा भएको 'नेपाल-भारत पेट्रोलियम आपूर्ति समझदारी' निर्देशक कानूनी संरचनाका रूपमा रहेको छ जुन पाँच-पाँच वर्षमा नवीकरण हुने व्यवस्था गरिएको छ । उक्त सम्झौतापछि नेपाललाई आवश्यक पर्ने सम्पूर्ण पेट्रोलियम पदार्थ आपूर्तिको स्रोत मुलुक भारत र उसका तर्फबाट नेपालमा आपूर्ति गर्ने अधिकार भारतीय सरकारी स्वामित्वको इन्डियन आयल कर्पोरेशन (आईओसी) लाई प्रदान गरिएको छ भने नेपालमा आयात गर्ने अधिकार नेपाल आयल निगमले पाएको छ । यसरी उक्त सम्झौतापछि आईओसीले निर्यातकर्ता र निगमले आयातकर्ताको काम एकाधिकारी रूपमा गर्दै आएकाले नेपालको पेट्रोलियम क्षेत्रमा नयाँ कम्पनीको प्रवेश र प्रतिस्पर्धा सुरु हुन सकेको छैन । तर भर्खरै मात्र लामो समयदेखि निगममा निहित एकाधिकारको अन्त्य गर्ने पहल स्वरूप पेट्रोलियम पदार्थको आपूर्तिका लागि निजी क्षेत्रलाई पनि अनुमति दिने

नीतिगत निर्णय गरिएको भएपनि आवश्यक संरचना भने तयार गरिएको छैन । हाललाई वाणिज्य विभागले पेट्रोलियम पदार्थको आयात इजाजत दिने व्यवस्था गरिएको छ ।

हालसम्म निगम एकाधिकारी आयातकर्ता बाहेक नेपालको एकमात्र पेट्रोलियम मार्केटिङ कम्पनीसमेत रहँदै आएको छ । देशमा आवश्यक पेट्रोलियम पदार्थको ढुवानी, भण्डारण तथा बिक्री–वितरणको व्यवस्था मिलाउने प्राधिकारी रहेको निगमले एकमात्र नियामक निकायको भूमिकासमेत निर्वाह गर्ने गरेको छ । त्यसैले पेट्रोलियम पदार्थ विशेषतः पेट्रोल, डिजेल तथा मट्टितेलको ढुवानी र वितरणका लागि ढुवानीकर्ता तथा अधिकृत विक्रेताहरू निगमले नियुक्त गर्दछ । यी अधिकृत विक्रेताहरूले निगमका स्थानीय विक्रेताको रूपमा उपभोक्ताहरूलाई पेट्रोलियम पदार्थ बिक्री–वितरण गर्दछन् । हवाई इन्धनको हकमा विभिन्न हवाई मैदानमा रहेका आफ्नै डिपोहरूमार्फत निगमले थोक तथा खुद्रा बिक्री गर्दै आइरहेको छ । खाना पकाउने तथा सीमित रूपमा सवारी साधनमा समेत प्रयोग गर्ने गरिएको एलपी ग्यासको कारोबारमा भने बरौनी, मथुरा र हल्दियास्थित भारतीय प्रशोधन केन्द्रहरूबाट निजी क्षेत्रका ग्यास कम्पनीहरूले सिधै ल्याउने र बिक्री–वितरण गर्ने व्यवस्था गरिएको छ । यसका लागि नेपाल आयल निगमले पीडीओ (Product Delivery Order-PDO) जारी गर्ने गर्दछ । निजी कम्पनीहरूले निगममा पैसा बुझाएपछि पीडीओ प्राप्त गर्छन् र भारतस्थित आईओसीका प्रशोधन केन्द्रबाट यसमा उल्लेख गरिएको परिणामको ग्यास प्राप्त गर्छन् । निगमबाट पीडीओ नलिई कुनै कम्पनीले ग्यास आयात गर्न पाउँदैन ।

नेपालमा पेट्रोलियम पदार्थको कारोबार गर्ने अधिकार नेपाल आयल निगमले पाएको भए पनि यो पूर्ण स्वायत्त र व्यावसायिक छैन । पेट्रोलियम पदार्थको मूल्यलाई राजनैतिक रूपमा संवेदनशील विषयका रूपमा लिने गरिएकोले अन्तर्राष्ट्रिय मूल्यमा आउने परिवर्तनअनुसार आन्तरिक बजार भाउ समायोजन गर्ने 'स्वचालित मूल्य समायोजन प्रणाली' अंगीकार गर्ने वास्तविक अधिकार निगमलाई रहेको देखिँदैन । निगमले आफ्नो लागत र त्यसबाट भएको नाफा वा घाटाबारे उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई नियमित रूपमा जानकारी गराउने र खरिदभन्दा बिक्री मूल्य कम छ भने मूल्य वृद्धिको सिफारिस गर्ने गर्दछ । तर मूल्य समायोजन गर्ने निर्णय आपूर्ति मन्त्रालय एक्लैले मात्र पनि गर्न सक्दैन । मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लैजान्छ र सो प्रस्ताव पारित भएमा मात्र मूल्य थपघट हुन्छ । यसरी नेपालमा पेट्रोलियम पदार्थको आन्तरिक बिक्री मूल्य सरकारको निर्देशनका आधारमा तोकिने गरेको छ ।

लामो समयदेखि हवाई इन्धन बाहेक अन्य पेट्रोलियम पदार्थमा खरिद मूल्य भन्दा बिक्री मूल्य कम रहँदै आएकाले निगमको घाटा बढेर आर्थिक दायित्व व्यापक हुन गएको छ । साथै सरकारले पेट्रोलियम पदार्थमा उच्च भन्सार तथा अन्य कर लगाएको छ (हालैमात्र पेट्रोलियम पदार्थको मूल्य समायोजनसँगै केही मात्रामा करको दर घटाएको छ) । विभिन्न वित्तीय संस्था तथा सरकारबाट समेत ऋण लिँदै कारोबार गरिरहेको निगमले सम्झौताअनुसार समयमै रकम भुक्तानी गर्न नसक्दा आईओसीले पटक–पटक पेट्रोलियम पदार्थको आपूर्तिको परिमाणमा कटौती गरी रकम भुक्तानीका लागि दबाब दिने गरेको छ । यस्तो अवस्थामा बजारमा माग र आपूर्तिबीच आउने असन्तुलनले वितरण प्रणालीमा अव्यवस्था बढ्ने गर्दछ र उपभोक्ताले कठिनाइ भोग्नुपर्दछ ।

विभिन्न समयमा गठित अध्ययन तथा जाँचबुझ आयोगहरू, समिति तथा कार्यदलले निगमको निजीकरण गरेर तथा निजी क्षेत्रलाई पेट्रोलियम पदार्थको कारोबारमा संलग्न गराएर उपभोक्तालाई प्रतिस्पर्धात्मक मूल्यमा प्रभावकारी ढंगले सेवा प्रदान गर्नुपर्ने सुझाव दिए पनि कार्यान्वयनको अभावले यो क्षेत्रमा गैरप्रतिस्पर्धी र कमजोर आपूर्ति एवम् वितरण व्यवस्था कायमै रहेकोमा निजी क्षेत्रलाई पनि अनुमति दिने पछिल्लो समयको नीतिगत निर्णयलाई सकारात्मक कदम मान्न सकिन्छ ।

## सन्दर्भ दक्षिण एशियाको

दक्षिण एशियामा पेट्रोलियम पदार्थको सबैभन्दा धेरै उत्पादन तथा खपत गर्ने देश भारत हो । उच्च आर्थिक वृद्धिदर रहेको भारतले आन्तरिक एवम् क्षेत्रीय स्तरमा नै इन्धनको बढ्दो मागलाई व्यावसायिक ढंगले सम्बोधन गर्ने पहललाई जारी राखेको देखिन्छ । विश्वकै अग्रपंक्तिका सार्वजनिक संस्थानमा सूचीकृत व्यापारिक प्रतिष्ठान इण्डियन आयल कर्पोरेशनका साथै भारत पेट्रोलियम कर्पोरेशन लि., आयल इण्डिया लि., हिन्दुस्तान पेट्रोलियम कर्पोरेशन लि. लगायतका सरकारी संस्थानहरूमार्फत राज्यले आपूर्ति व्यवस्था मिलाउने गर्दछ । 'पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालय' को मातहतमा रहेका यी सार्वजनिक संस्थान र तिनका मातहतका अधिकृत विक्रेताहरूले प्रतिस्पर्धात्मक मूल्य तथा गुणस्तरमा पेट्रोलियम पदार्थको बिक्री–वितरण गर्दछन् । सन् १९९० को दशकको सुरुवातसँगै आर्थिक उदारीकरणको रणनीति अपनाएको भारतले पेट्रोलियम पदार्थको बढ्दो माग पूरा गर्न र समग्र उपभोक्ताहरूसम्म प्रतिस्पर्धी मूल्यमा पेट्रोलियम पदार्थको सहज आपूर्ति व्यवस्था मिलाउन निजी क्षेत्रको प्रवेशलाई खुला गरेर प्रतिस्पर्धा प्रवर्द्धनसमेत गरेको छ । प्रतिष्ठित व्यापारिक समूहहरू टाटा, रिलायन्सलगायत अन्य संयुक्त वैदेशिक लगानीमा भारतमा ऊर्जा उत्पादन र बिक्री–वितरण हुनेगरेको छ । आम उपभोक्ताहरूको दैनिक जीवनमा पेट्रोलियम पदार्थ र अन्य ऊर्जाको आवश्यकतालाई सरकारी तथा निजी व्यावसायिक क्षेत्रले सन्तुलित ढंगले सम्बोधन गरेकाले समग्र दक्षिण एशियामा भारतीय उपभोक्ताहरूको पेट्रोलियम तथा अन्य ऊर्जामा पहुँच तुलनात्मक रूपमा सहज र व्यवस्थित रहेको देखिन्छ ।


दक्षिण एशियाको अर्को विकासोन्मुख मुलुक श्रीलंकाले छुट्टै 'पेट्रोलियम तथा पेट्रोलियम संसाधन विकास मन्त्रालय' अन्तर्गत चारवटा विभाग तथा विशिष्ट संस्थामार्फत पेट्रोलियम क्षेत्रको विकास, आपूर्ति तथा बिक्री–वितरणको व्यवस्था मिलाउने गरेको छ । लंका इण्डियन आयल कम्पनी (एलआईओसी) सरकारी सिलोन पेट्रोलियम कर्पोरेशनबाहेकको अर्को सार्वजनिक कम्पनी हो । इण्डियन आयल कर्पोरेशनको श्रीलंकाका लागि सहायक कम्पनीका रूपमा स्थापित एलआइओसीले पेट्रोलियम पदार्थको भण्डारण, खुद्रा बिक्री–वितरण तथा औद्योगिक उपभोक्तालाई थोक आपूर्ति आदि कार्य गर्दछ । पेट्रोलियम पदार्थको कारोबारमा सरकारी संस्थान सिलोन पेट्रोलियम कर्पोरेशनको एकाधिकार तोड्दै प्रतिस्पर्धात्मक मूल्यमा उपभोक्ताले गुणस्तरीय पेट्रोलियम पदार्थ प्राप्त गरून् भनेर पछिल्लो समयमा यो क्षेत्रमा उदारीकरण गर्ने पहल भएको छ । उपभोक्ता हितलाई ख्याल राखी यस क्षेत्रमा प्रवेश गर्ने निजी क्षेत्रले सरकारी नियामक निकायको मातहत रहेर कारोबार गर्नुपर्ने प्रावधान रहेको छ ।

बंगलादेशमा ऊर्जा र इन्धन क्षेत्र हेर्ने 'ऊर्जा तथा खनिज संसाधन मन्त्रालय' रहेको छ । पेट्रोलियम पदार्थको उत्पादन, प्रशोधन तथा बिक्री–वितरण गर्नका लागि सरकारको पूर्ण स्वामित्वको बंगलादेश पेट्रोलियम कर्पोरेशन नामक एकाधिकारी संस्थान रहेको छ । कच्चा वा प्रशोधित तेल तथा ग्यासलगायतका इन्धनको आयात गर्ने, प्रशोधन गर्ने र बजारमा बिक्री–वितरणको जिम्मेवारी पूरा गर्न यो कर्पोरेशनअन्तर्गत तीनवटा मार्केटिङ कम्पनीहरू, दुईवटा ब्लेन्डिङ कम्पनीहरू, एक ग्यास बोटलिङ कम्पनी तथा एक प्रशोधन केन्द्र रहेका छन् । सन् १९९३ मा जारी गरिएको राष्ट्रिय पेट्रोलियम नीतिले यो क्षेत्रमा उदारीकरण

गर्ने प्रयासको थालनी गरे पनि यसतर्फ लामो समयसम्म उल्लेख्य काम हुन सकेको देखिँदैन । बंगलादेशले पछिल्लो समयमा सरकारी स्वामित्वका चारवटा सहायक कम्पनीहरूको अन्तर्राष्ट्रिय बोलपत्रका माध्यमबाट निजीकरण गरी उदारीकरणतर्फको पहललाई अगाडि बढाएको छ ।

माल्दिभ्समा अत्यावश्यक वस्तुहरूको खरिद वा आयातको लागि स्टेट ट्रेडिङ अर्गनाइजेसन नामक पब्लिक कम्पनी लिमिटेडको स्थापना गरिएको छ । यसले निजी क्षेत्रका फ्युल सप्लाई माल्दिभ्स, माल्दिभ्स् ग्यास, माल्दिभ्स् नेसनल आयल कम्पनी आदि सहायक कम्पनीमार्फत पेट्रोलियम तथा अन्य अत्यावश्यक इन्धनहरूको आपूर्ति तथा बिक्री–वितरणको व्यवस्था मिलाउने गर्दछ । यसले विभिन्न तेल निर्यातक मुलुकहरूबाट कच्चा तेल खरिद गरी श्रीलंकाको सिलोन पेट्रोलियम कर्पोरेशनका प्रशोधन केन्द्रहरूमा प्रशोधन गरी देशमा आपूर्ति गर्ने गर्दछ । थोरै जनसंख्या र तुलनात्मक रूपमा कम इन्धन माग भएकाले निजी क्षेत्रका सीमित कम्पनीहरूमार्फत यसले पेट्रोलियम तथा अन्य इन्धनहरूको सहज ढंगमा आपूर्ति गर्न सकेको देखिन्छ । तर अन्य देशहरूको भन्दा भिन्न भौगोलिक बनावट भएकाले यहाँको वितरण व्यवस्था संवेदनशील र चुनौतीपूर्ण पनि छ ।

पाकिस्तानले आफ्नो कुल उपभोगको ८० प्रतिशतभन्दा बढी पेट्रोलियम पदार्थ अन्य तेल निर्यातक मुलुकहरूबाट आयात गर्ने गरेको छ । पाकिस्तानले अन्तर्राष्ट्रिय मुद्रा कोष तथा विश्व बैंकजस्ता दाताहरूको शर्तअनुसार पेट्रोलियमको कारोबार गर्ने सरकारी स्वामित्वका कम्पनीहरूलाई निजीकरण गर्ने पहल गरेको छ । सरकारी संस्थानहरूको सेयर बिक्री गरेर तथा पेट्रोलियम पदार्थको सम्भाव्यता अध्ययनदेखि अन्वेषण, उत्खनन, उत्पादन र बिक्री–वितरणको कार्यमा स्वदेशी एवम् विदेशी निजी क्षेत्रलाई अधिकाधिक संलग्न गराउने नीति सरकारले अंगीकार गरेको देखिन्छ जसअनुसार सरकारबाट लाइसेन्स लिएर स्वदेशी एवम् विदेशी तथा संयुक्त लगानीका निजी क्षेत्रले पेट्रोलियम पदार्थ र विशेष गरेर प्राकृतिक ग्यास उत्पादन, प्रशोधन, आयात र वितरणमा काम गरिरहेका छन् । पाकिस्तानको पेट्रोलियम तथा प्राकृतिक संसाधन मन्त्रालयले केन्द्रीय नियामक निकायको भूमिका निर्वाह गर्दछ । सरकारको स्वामित्वका तीन ठूला तेल कम्पनीहरू आयल एण्ड ग्यास डेभलपमेन्ट कर्पोरेशन लि., पाकिस्तान स्टेट आयल र पाकिस्तान पेट्रोलियम लिमिटेडले संयुक्त अधिराज्य, इटाली, अष्ट्रिया, क्यानाडा, मलेशिया




**भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाले निजी क्षेत्रसमेतको सहभागितामा आयात, प्रशोधन तथा बिक्री–वितरणको व्यवस्था मिलाएकाले उपभोक्ताहरूले छनौट तथा प्रतिस्पर्धी मूल्यमा पेट्रोलियम पदार्थको उपभोग गर्ने अवसर पाएका छन् ।**

तथा आयरल्याण्डका तेल कम्पनीहरूसँगको संयुक्त लगानीमा स्थापित कम्पनीहरूमार्फत प्राकृतिक ग्याससलगायतका पेट्रोलियम पदार्थहरूको घरेलु उत्पादन एवम् प्रशोधन, आयात तथा बिक्री–वितरण गर्ने गरेको देखिन्छ ।

यस क्षेत्रको अर्को भूपरिवेष्टित मुलुक भुटानले पेट्रोलियम पदार्थको आयात पूर्ण सरकारी स्वामित्वको ड्रूक पेट्रोलियम कर्पोरेशन लिमिटेडमार्फत भारतबाट गर्ने गर्दछ । आन्तरिक स्रोत नभएको भुटानले भारतको इन्डियन आयल कर्पोरेशन लिमिटेड र भारत पेट्रोलियम कर्पोरेशन लिमिटेडबाट आवश्यक पेट्रोलियम पदार्थ (एलपी ग्याससमेत) प्राप्त गर्दछ । ती कम्पनीहरूसँगको सहकार्यमा नै देशका उपयुक्त स्थानहरूमा पेट्रोल तथा ग्यास वितरण स्टेसनहरू सञ्चालन गरी बिक्री–वितरणको व्यवस्थासमेत मिलाएको छ ।

## निष्कर्ष

दक्षिण एशियामा इन्धन उपभोगको ठूलो हिस्सा पेट्रोलियम पदार्थले ओगट्ने भए पनि ती वस्तुको आन्तरिक स्रोतको कमीका कारण मध्यपूर्व तथा खाडी क्षेत्रका तेल उत्पादक देशहरूबाट आयात गरेर आवश्यकता पुरा गर्ने गरिएको छ । भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाले निजी क्षेत्रसमेतको सहभागितामा आयात, प्रशोधन तथा बिक्री–वितरणको व्यवस्था मिलाएकाले उपभोक्ताहरूले छनौट तथा प्रतिस्पर्धी मूल्यमा उपभोगको अवसर पाएका छन् । यी देशहरूमा प्रतिस्पर्धा प्रवर्द्धनतर्फको पहल निरन्तर जारी राखिएको पाइन्छ । माल्दिभ्सको फरक भूबनोट तथा अवस्थिति र आवश्यकताको सानो परिमाणले त्यहाँ अन्य देशहरू भन्दा फरक प्रणालीको व्यवस्था रहेको देखिन्छ । नेपाल तथा भुटानको भौगोलिक कारणले पेट्रोलियम पदार्थको कारोबारका लागि भारतमाथि निर्भर रहनु परेको छ ।

अन्तर्राष्ट्रिय बजारमा भइरहेको चर्को मूल्यवृद्धिको भार उपभोक्तामाथि मात्र नपरोस् भनेर अनुदानमार्फत् राहत दिने नेपाल सरकारको प्रयास सकारात्मक भएपनि यसको स्थायित्वमा भने थुप्रै प्रश्न खडा हुन्छन् । विस्तारै अनुदान कटौती गर्दै राज्यले नीति–निर्माता, सहजकर्ता र नियामकको भूमिका निर्वाह गर्ने र निजी क्षेत्रको संलग्नतामा प्रतिस्पर्धी मूल्यमा पेट्रोलियम पदार्थको कारोबारको सुनिश्चिता गर्नु उचित हुन्छ । यद्यपि नेपालमा पेट्रोलियम जस्तो ऊर्जाको मुख्य स्रोतलाई पूर्णरूपमा निजी क्षेत्रको जिम्मा लगाउनुलाई समस्या समाधानको एकमात्र सहज उपाय हुने अनुमान गर्नु पनि उपयुक्त हुँदैन । खरिद मूल्य भन्दा बिक्री मूल्य कम रहेसम्म निजी क्षेत्रको प्रवेश खुलागर्ने सरकारको निर्णय कार्यान्वयन हुन पनि नसक्ने तथा विकास बजेट कटौती गरेर पेट्रोलियम पदार्थमा लगानी गर्न देशको आर्थिक क्षमताले धान्न नसक्ने तथ्यलाई सरकारले बुझ्नुपर्छ । यस्तो संवेदनशीलताको ख्याल राखेर मात्र पेट्रोलियम पदार्थको कारोबारमा प्रतिस्पर्धा र उदारीकरणलाई प्रवर्द्धन गर्नुपर्ने हुन्छ । पेट्रोलियम पदार्थको मूल्य र वस्तु तथा सेवाको बजार मूल्यका बीचमा रहने प्रत्यक्ष सम्बन्धलाई ध्यान दिँदै आर्थिक अवस्था कमजोर भएका सर्वसाधारण उपभोक्ताहरूलाई अनुदानसहितको र व्यावसायिक तथा औद्योगिक उपभोक्तालाई वास्तविक लागतअनुसारको मूल्यमा बिक्री–वितरण गर्ने नीति सरकारले अवलम्बन गर्नु उपयुक्त हुन्छ जसका लागि नीतिगत तथा संरचनागत उपायको खोजी गर्न ढिलाइ गर्नु हुँदैन ।

# बोनसदेखि बिदाइसम्म

■ सुदीप श्रेष्ठ




करिब एक दशकअघि आयल निगमको नाम सुन्ने बित्तिकै यस्तो संस्थाको तस्बिर दिमागमा आउँथ्यो जहाँका कर्मचारीहरू एकैचोटि साढे दुई वर्षको तलब बोनस खान्थे । आर्थिक वर्ष २०५६/५७ मा एशियाली आर्थिक संकटले तेलको मूल्य न्यूनतम बिन्दुमा झर्दा निगमलाई २ अर्ब रुपैयाँभन्दा बढी नाफा भएको थियो । कर्मचारीले त्यस वर्ष १७ करोड ४३ लाख रुपैयाँ बोनस खाएका थिए ।

आज निगम भन्नेबित्तिकै यस्तो संस्थाको तस्बिर आउँछ जो मासिक १ अर्ब ५० करोड रुपैयाँ भन्दा बढीको घाटा बेहोरिरहेको छ, १५ अर्बभन्दा बढीको ऋण छ, पुरानो ऋण तिर्न नसकेर कुनै बैंकले पत्याएको छैन र बेला-बेला सरकारी सहयोग नपाए पहिले बोनस खाने कर्मचारीलाई बिदा दिनुपर्ने अवस्था छ ।

जुन निगमले १० वर्षअघि कैयौं राजनीतिक दललाई चन्दा दियो, मन्त्री र तिनका कार्यकर्तालाई घरायसी भोजभतेरको खर्च जुटाइ दियो आज त्यही निगमका हाकिमलाई भेट्नुपर्दा 'फेरि पैसा माग्न आए' भन्दै मन्त्रालयका कर्मचारीहरू नाक खुम्च्याउँछन् ।

आखिर 'नेपालको कुवेत' किन यसरी रित्तै हुने गरी सुक्यो त? को-को जिम्मेवार छन् यसका पछाडि?

पहिलो, यहाँको राजनीतिक प्रवृत्ति । विगतमा निगमलाई चुस्नसम्म चुसेर, कार्यकर्ता भर्तीकेन्द्र बनाएर आज समस्या पर्दा फर्केरसम्म नहेर्ने, समस्या बुझ्नसम्म नखोज्ने नेताहरू निगमको यो हालत हुनुका मुख्य दोषी हुन् । दोस्रोमा आउँछन् निगमका पूर्वहाकिमहरू । अन्तर्राष्ट्रिय मूल्य घटेर नाफा हुँदासम्म आफैँ मोजमस्ती गर्ने र जब घाटा हुन थाल्यो मूल्य बढाउन मन्त्रालय कुदिहाल्ने । नाफा हुँदा उपभोक्ता चुसेर नेताहरू पोस्नुको सट्टा भाउ घटाइदिएको भए कम्तीमा आज उसको समस्या बुझ्ने उपभोक्ताको ठूलो जमात खडा भइसक्थ्यो । तेस्रोमा पर्छ तेलको अन्तर्राष्ट्रिय बजार मूल्य जो नयाँ रेकर्ड बनाउन तम्सिएका सगरमाथा आरोहीजस्तो निरन्तर उक्लिएकोउक्लिएकै छ ।

यी सबै कारणहरूले गर्दा निगम र नेपालको पेट्रोलियम आपूर्ति प्रणाली समस्याग्रस्त हुँदै आएको छ । निगमले तेल खरिद गर्दा अन्तर्राष्ट्रिय मूल्य तिर्नुपर्छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य ८२ अमेरिकी डलर प्रतिब्यारेल हुँदा तय गरिएको नेपालको पेट्रोलियम पदार्थको मूल्य झण्डै डेढ वर्षपछि हालै आंशिक समायोजन गरिएको छ । तर अन्तर्राष्ट्रिय बजारमा सो मूल्य प्रतिब्यारेल १ सय ३९ अमेरिकी डलर पुगेर नयाँ रेकर्ड बनाएको छ । नेपाललाई तेल बिक्री गर्ने इन्डियन आयल कर्पोरेसन (आईओसी) ले १५-१५ दिनमा पठाउने मूल्यसूची हरेक पटक बढेको मूल्यसहित आउने गर्छ र निगमको घाटा बढ्दै जाँदा आपूर्ति समस्या चर्किँदै जान्छ । निगमलाई फाइदा हुने एकमात्र हवाई इन्धनको नाफा पनि घट्दो छ ।

नेपाललगायत सबै विकासोन्मुख तथा अल्पविकसित देशहरू पेट्रोलियमको यो समस्याबाट गुज्रिरहेका छन् । स्थानीय स्तरमा मूल्य समायोजन गर्न नसक्ने मुलुकले अभावको सामना गर्नुपरेको छ । अहिलेको विश्वव्यापी तेल समस्यालाई 'तेस्रो तेल संकट' का रूपमा लिइन्छ । यसअघि सन् १९७३ र सन् १९७९ मा क्रमशः पहिलो र दोस्रो तेल संकट आएका थिए । त्यतिखेर नेपालमा तेलको माग नै कम भएकाले स्थानीय उपभोक्ताले त्यसको खासै प्रभाव भोग्नुपरेन ।

अन्तर्राष्ट्रिय विशेषज्ञहरू यो संकट लामो समय रहने र तेलको मूल्य कम नहुने सम्भावना भएको बताउँछन् । अघिल्ला संकटहरू आपूर्तिको कटौतीले उत्पन्न भएका थिए । अहिले भने आपूर्ति मात्र घटेको छैन, माग पनि उच्च छ । भारत र चीनको उच्च आर्थिक वृद्धिले तेलको माग उत्कर्षमा छ । जुन रफ्तारमा यी देशको अर्थतन्त्रको विस्तार भइरहेको छ, तेलको माग र मूल्यले त्यही गतिमा आकाश छुँदैछ ।

तेल उत्पादक राष्ट्रहरूको संगठन ओपेकले पनि माग र आपूर्तिबीच सन्तुलन हुने गरी उत्पादन बढाएको छैन । कुल तेल मौज्दातमा ओपेकको हिस्सा दुई-तिहाइ र कुल उत्पादनमा आधाभन्दा बढी छ । मूल्य बढदै जाँदा फाइदा बढ्ने भएकाले ओपेक मूल्य घटाउन अनिच्छुक देखिएको विश्लेषकहरू बताउँछन् । त्यसै गरी अन्य तेल उत्पादकले आफ्नो उत्पादन क्षमता बढाउन सकेका छैनन् । सन् १९९० पछि अमेरिकामा कुनै पनि नयाँ तेल प्रशोधन केन्द्र बनेका छैनन् । संसारमा तेल मौज्दात घट्दो अवस्थामा छ भन्ने हल्लाले पनि मूल्य बढ्न सहयोग पुर्‍याएको छ । ब्राजिलमा ठूलो खानी फेला परे पनि उत्पादन सुरु भएको छैन ।

सबै अन्तर्राष्ट्रिय घटनाक्रम हेर्दा निगम १० वर्षअघिको अवस्थामा फर्कने गुञ्जायस नै छैन । यसलाई टिकाइ राख्न र बजार आपूर्ति सहज तुल्याउन पनि सरकारले लागतअनुरूप मूल्य वृद्धि वा निगमको घाटा बराबर आर्थिक अनुदान दिनु जरूरी छ ।

यस्तो अवस्थामा सरकारसँग एउटै विकल्प छ–लक्षित वर्ग पहिचान गरेर तिनलाई प्रत्यक्ष नगद राहत दिने र बाँकी इन्धन खुला बजार मूल्यमा बेच्ने । यसो गर्दा अनुदान दुरुपयोग हुन पाउँदैन, आपूर्ति सहज हुन्छ र निगमलाई वित्तीय राहत मिल्छ । अन्योल कायम राख्ने र समस्याबाट मुन्टो बटार्ने हो भने निगममा ताल्चा मारेर कर्मचारीलाई बिदा गर्नुपर्ने दिन धेरै टाढा छैन ।

*श्रेष्ठ 'कान्तिपुर' दैनिकसम्बद्ध पत्रकार हुनुहुन्छ ।*

## जैविक विविधता तथा परम्परागत ज्ञानको

# अभिलेखीकरण

## नीतिगत सवाल र कार्यान्वयनका मुद्दाहरू

जैविक स्रोत र परम्परागत ज्ञानमा समुदायको स्वामित्व स्थापित गर्न अभिलेखीकरणलाई प्राथमिकता नदिएसम्म अन्तर्राष्ट्रिय सन्धिहरूमा व्यवस्थित लाभको समन्यायिक बाँडफाँडको प्रावधानलाई कार्यान्वयन गरी फाइदा लिन सकिन्न ।

■ निरज श्रेष्ठ



नेपाल जैविक विविधताको धनी मुलुक हो । यहाँ फूल फुल्ने प्रजाति, स्तनधारी जीवजन्तु, चराचुरूङ्गी, माछा, कीटपतंग एवम् खानयोग्य वनस्पतिका विविध जाति-प्रजातिहरू पाइन्छन् । यहाँका स्थानीय समुदायहरूले परापूर्वकालदेखि नै आफ्नो परम्परागत अभ्यासद्वारा जैविक विविधता र सोसँग सम्बन्धित परम्परागत ज्ञान र सीपको संरक्षण, संवर्द्धन र विकास गर्दै आएका छन् ।

सन् १९९० को दशकअघिसम्म विश्वमा कतिपय जैविक एवम् आनुवंशिक स्रोतको संकलन, प्रयोग, ओसारपसार वा वैज्ञानिक अनुसन्धानमा कुनै प्रकारको प्रतिबन्ध लगाइएको थिएन । यस्ता स्रोतहरू मानवकल्याणको लागि प्रकृतिले निःशुल्क प्रदान गरेको भनी त्यसलाई साझा सम्पत्तिका रूपमा लिइन्थ्यो । निजी सम्पत्ति नभएका कारण, विशेष गरी विकसित राष्ट्रका बहुराष्ट्रिय औषधि/बीउ कम्पनी तथा वैज्ञानिकले आनुवंशिक स्रोत र सोसँग सम्बन्धित परम्परागत ज्ञानमा आधारित भएर विकास गरेका वस्तु वा वस्तु बनाउने प्रक्रियामा बौद्धिक सम्पत्ति अधिकार (Intellectual Property Right—IPR), जस्तै पेटेन्ट अधिकार (Patent Right) स्थापित गर्ने प्रयास सुरु गरे । यसको व्यापारीकरणमार्फत उनीहरूले मुनाफा समेत कमाउन सफल भए ।

आफ्नै स्रोत र ज्ञानको उपयोग गरी तयार गरिएका औषधि तथा बीउको व्यापारीकरणबाट प्राप्त लाभको अंश पाउनुको सट्टा पेटेन्टका कारण रोयल्टी तिरेर सोही वस्तु महँगोमा खरिद गर्न बाध्य हुनुपरेपछि हाम्रो जस्तो स्रोतको धनी राष्ट्रहरूको यसतर्फ ध्यानाकर्षण हुन थालेको हो । साझा सम्पत्तिको अवधारणा र अनुसन्धानका आडमा जैविक चोरी हुने गरेका छन् । त्यसैले जैविक चोरी निरूत्साहित गर्न तथा आनुवंशिक स्रोतको ओसारपसारलाई व्यवस्थित र लाभको न्यायिक बाँडफाँडसमेत सुनिश्चित गर्न स्रोतका धनी विकासोन्मुख राष्ट्रहरूले प्रविधिका धनी विकसित राष्ट्र तथा बहुराष्ट्रिय कम्पनीहरूलाई दबाब दिन सुरु गरे ।

फलस्वरूप अन्तर्राष्ट्रिय स्तरमा सन् १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा संयुक्त राष्ट्रसंघीय वातावरण र विकाससम्बन्धी सम्मेलनले जैविक विविधता महासन्धि (Convention on Biological Diversity–CBD) पारित गऱ्यो । त्यसै गरी सन् २००१ मा खाद्य र कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (International Treaty on Plant Genetic Resources for Food and Agriculture–ITPGRFA) ल्याइयो । यी अन्तर्राष्ट्रिय सन्धिहरूले जैविक विविधता संरक्षण र तिनको दिगो उपयोगका सम्बन्धमा विभिन्न प्रावधान राखेका छन् । जैविक स्रोतलाई आफ्नो परम्परागत अभ्यासद्वारा स्थानीय समुदाय र आदिवासी जनजातिले नै संरक्षण गरेका हुन् भन्दै जैविक स्रोत तथा त्यससँग सम्बन्धित ज्ञानको व्यापारिक प्रयोगबाट हुने लाभमा त्यस्ता आदिवासी जनजाति र स्थानीय समुदायको अधिकारलाई स्थापित गर्न यस्ता स्रोत र ज्ञानको अभिलेखीकरणको आवश्यकतालाई जोड दिइएको छ ।

### जैविक विविधता तथा परम्परागत ज्ञानको अभिलेखीकरणको खाँचो

अन्तर्राष्ट्रिय सन्धिहरूले लाभको समन्यायिक बाँडफाँडको अवधारणालाई प्राथमिकता प्रदान

गरे पनि राष्ट्रिय कानूनमा जैविक स्रोत र परम्परागत ज्ञानमा समुदायको स्वामित्व प्रमाणित गर्न नसकिएमा त्यो औचित्यहीन हुन्छ । त्यसैले जैविक स्रोत र परम्परागत ज्ञानको अभिलेखीकरण र दर्ता प्रक्रिया महत्त्वपूर्ण मुद्दा हो । उदाहरणको लागि अमेरिकाको एक कम्पनीले हलेदोको घाउ निको पार्ने गुणलाई आफ्नो सिर्जना भनी पेटेन्ट दर्ता गरेको प्रसंगलाई लिऊँ । भारत सरकारले व्यापक खोजी गरी १ सय वर्षभन्दा पुराना संस्कृत, उर्दू तथा हिन्दीमा लेखिएका ग्रन्थहरूको मद्दतले सो पेटेन्टलाई गलत भएको प्रमाणित गरी रद्द गर्न सफल भयो । यसो नभएको भए भारतले प्राचीनकालदेखि प्रयोग गर्दै आएको ज्ञानको प्रयोग गर्नमा समेत रोयल्टी तिर्नुपर्ने अवस्था सिर्जना हुन सक्थ्यो । त्यसैले जैविक स्रोत र त्यसलाई उपयोग गर्ने परम्परागत ज्ञानको सही र सुरक्षित ढंगले अभिलेखीकरण गर्नु जरूरी छ । यसले स्रोत र ज्ञान लोप हुनबाट बचाई अर्को पुस्तामा हस्तान्तरण गर्न सकिन्छ । जैविक चोरी हुनबाट जोगाउन र एकाधिकार लिनबाट बचाउन यस्ता दस्तावेज स्थानीय समुदाय, आदिवासी जनजातिलगायतको संलग्नता र सहभागिताको महत्त्वपूर्ण भूमिका हुन्छ । साथै यसले स्रोतमा स्थानीय समुदायको स्वामित्वसमेत प्रमाणित गर्ने हुँदा व्यावसायिक उपयोगबाट हुने लाभको अंशमा समेत हक पाउन सकिन्छ ।

## नेपालमा अभिलेखीकरण

नेपालमा जैविक विविधताको अभिलेखीकरणको प्रयास नभएको होइन । वि. सं. २०५९ मा वन तथा भूसंरक्षण मन्त्रालयद्वारा मुस्ताङ र कास्की जिल्लाका केही गाविसमा नमूना सामुदायिक जैविक विविधता अभिलेखीकरणको कार्य सुरु गरिएको थियो । सोही अभिलेखीकरणले सामुदायिक जैविक विविधता अभिलेखको ढाँचा निश्चित गरेको छ । त्यसै ढाँचाका आधारमा वन तथा भूसंरक्षण मन्त्रालय र विश्व संरक्षण संघले संयुक्त रूपमा पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलका नौ जिल्लाअन्तर्गत पर्ने विभिन्न गाविसमा रहेका २२ समुदायहरूमा सामुदायिक जैविक विविधता अभिलेख तयार गरी समुदायलाई हस्तान्तरणसमेत गरीसकेका छन् । यस बाहेक नेपाल कृषि अनुसन्धान परिषद्, लिबर्ड, हिमवन्ती जस्ता संस्थाहरूको सक्रियतामा केही जिल्लाहरूमा नमूनाका रूपमा सामुदायिक जैविक विविधता अभिलेखीकरणका काम भएका छन् । तर नेपालका अधिकांश क्षेत्रमा रहेका जैविक विविधता र परम्परागत ज्ञानको अभिलेखीकरण गर्ने कार्य भने हुन बाँकी नै छन् ।

जैविक विविधता अभिलेखीकरण राष्ट्रिय चासोको विषय भए पनि यसका लागि ठूलो धनराशि, मानव संसाधन, प्रविधि र समन्वयको आवश्यकता पर्ने हुँदा यसको कार्यान्वयन गर्न त्यति सजिलो हुँदैन । स्थानीय स्वायत्त शासन ऐन, २०५६ को दफा १८.६ (१) मा जिल्ला विकास समितिको काम–कर्तव्य र अधिकारअन्तर्गत "वन, वनस्पति, जैविक विविधता र भूसंरक्षणसम्बन्धी योजना तयार गरी कार्यान्वयन गराउने" प्रावधान राखिएको छ । कानूनी रूपमा सरकारले जैविक विविधता संरक्षण र अभिलेखीकरणलाई स्थान दिए पनि कार्यान्वयनका निम्ति आवश्यक जनचेतना अभिवृद्धि, तालिम र प्राविधिक सहयोग दिई स्थानीय सरकारी निकायलाई सक्षम गर्नेतर्फ उचित कदम भने चालिएको पाइँदैन । अभिलेखीकरणका निम्ति जैविक स्रोतको उत्पत्ति स्थान, स्थानीय नाम, वैज्ञानिक नाम, त्यसको प्रकार, गुण, उपयोग गरिने अंश वा भाग, त्यसको उपयोग वा प्रशोधन गर्ने तरिकाका साथै जैविक विविधता कोसँग रहेको, कसले संरक्षण गर्दै आएको, त्यससँग सम्बन्धित परम्परागत ज्ञानका ज्ञाता को हुन् र त्यस्ता स्रोतको वैज्ञानिक आधार स्थापित गर्न डीएनए नक्सांकन गर्नेजस्ता कार्यहरू निकै महत्त्वपूर्ण हुन्छन् । यस्ता विषयहरूमा ज्ञान अभिवृद्धि र तालिमका निम्ति सरकारले विशेष पहल गर्नु जरूरी हुन्छ । साथै विभिन्न संघ–संस्थाले देखाएको सक्रियतालाई दिगो पार्न र जैविक विविधता अभिलेखीकरणलाई व्यापकता दिन सरकारले सबै सरोकारवाला–हरूसँग आवश्यक समन्वय गरी नीतिगत र प्राविधिक सहयोग प्रदान गर्नु आवश्यक हुन्छ ।

नेपालले जैविक विविधता महासन्धिलाई अनुमोदन गरिसकेको परिप्रेक्ष्यमा जैविक विविधताको अभिलेख राख्ने सैद्धान्तिक पक्षलाई अंगीकार गरिसकेको छ । नेपाल सरकारका विभिन्न योजना, ऐन र नियमावलीहरूमा जैविक विविधता संरक्षणको मुद्दालाई महत्त्व दिइएको पाइन्छ । हालको तीनवर्षे अन्तरिम योजना, जैविक विविधता रणनीति २०५९, जैविक विविधता रणनीति कार्यन्वयन योजना २०६३, वातावरण संरक्षण ऐन र नियमावली लगायत सरकारका नीति, योजनाका दस्तावेजहरूमा जैविक विविधताको पहिचान, संरक्षण, अभिलेखीकरण, दर्ता, सदुपयोग, पहुँच र लाभको बाँडफाँडका मुद्दाहरूमा सरकारले ध्यान दिएको देखिन्छ । तर यी दस्तावेजहरूमा उल्लिखित कुराहरू कार्यान्वयन गर्नेतर्फ भने सरकार सक्रिय भएको देखिएको छैन । सही कानूनको अभाव र भएका कानूनको कार्यान्वयन र अनुगमन गर्ने कार्यमा भएको निष्क्रियताले गर्दा अझै पनि हाम्रा जैविक स्रोत र सम्पदामाथि अतिक्रमण र जैविक चोरी हुन सक्ने सम्भावनालाई नकार्न मिल्दैन ।

जैविक विविधता महासन्धिको पक्षधर राष्ट्रको हैसियतले अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न नेपालले आनुवंशिक स्रोत (पहुँच, उपयोग र लाभको बाँडफाँड) विधेयकको मस्यौदा तयार पारेको छ । जैविक विविधता संरक्षण, संवर्द्धन र विकास गर्दै आएका स्थानीय समुदायहरूको हकहितको संरक्षण गर्न, जैविक स्रोतहरूमा पहुँच, व्यापारीकरणबाट प्राप्त लाभको न्यायोचित बाँडफाँड गर्न र जैविक विविधता अभिलेखीकरण र दर्ताका निम्ति रूपरेखा तयार गर्न यो मस्यौदा बनाइएको हो । तर हालसम्म उक्त विधयेकलाई सरकारले ऐनको रूपमा ल्याउन सकेको छैन । सो विधयेक जारी भएपछि स्थानीय समुदायको स्रोत र त्यसको व्यापारीकरणबाट प्राप्त लाभको अंशमाथिको हक स्थापित हुने छ र जैविक विविधता अभिलेखीकरण र दर्ताका लागि कानूनी रूपले बाटोसमेत खुल्नेछ ।

## उपसंहार

नेपालमा जैविक विविधता र सोसँग सम्बन्धित परम्परागत ज्ञानको संरक्षण गर्न नीति, नियम र कानून भए पनि जनचेतनाको कमी तथा सामाजिक परम्परा, मूल्य र मान्यताका कारण कतिपय अवस्थामा जैविक चोरी भइरहने सम्भावना यथावतै छ । त्यसमाथि सरकारले कानून लागू गरी अनुगमन र अभिलेखीकरणको कार्यान्वयनको पक्षमा कमजोरी देखाएमा अन्ततः हामी आफ्नै स्रोतबाट उत्पादित बीउ, औषधि, आदिलाई रोयल्टीसहित महँगोमा खरिद गर्न बाध्य हुनेछौं । नेपाल जस्तो जैविक स्रोतको धनी राष्ट्रले यस्ता स्रोतमा पहुँच प्रदान गर्नुपर्छ तर व्यापारीकरणबाट हुने लाभबाट भने राज्य र स्थानीय समुदायहरूलाई विमुख पार्नु हुँदैन । त्यसैले राष्ट्रिय स्तरमा जैविक चोरी रोकथाम गर्न, जैविक स्रोत र सोसँग सम्बन्धित परम्परागत ज्ञान, सीप र पद्धतिलाई संरक्षण गर्न तथा स्रोतमा कृषक, स्थानीय समुदाय, आदिवासी जनजातिलगायतको संलग्नता र सहभागिता एवम् स्वामित्व स्थापित गर्न अभिलेखीकरण र दर्ता गर्नु अपरिहार्य छ । जैविक स्रोतसँग सम्बन्धित परम्परागत ज्ञान, सीप र पद्धतिका ज्ञाता स्थानीय समुदाय नै हुन् भन्ने तथ्यलाई मनन गर्दै अभिलेखीकरण र दर्ता प्रक्रिया सुनिश्चित गर्नुपर्छ । यसका निम्ति राष्ट्रिय स्तरमा जनचेतना अभिवृद्धि, सबै सरोकारवालाहरूबीच तालमेल र आवश्यक कानून लागू गर्नु अत्यन्त जरूरी देखिन्छ ।

# गैरआवासीय नेपाली र नेपालको
# आर्थिक–सामाजिक रूपान्तरण

गैरआवासीय नेपालीहरूले गरेको होस्टेमा सरकारबाट हैंसे मिल्ने हो भने नेपालको आर्थिक रूपान्तरणमा ठूलो सहयोग मिल्ने देखिन्छ ।

■ डा. हेमन्त दवाडी

बीस लाखको हाराहारीमा नेपालीहरू सार्क मुलुकबाहिर रहेको अनुमान गैरआवासीय नेपाली संघले गरेको छ । त्योभन्दा धेरै संख्यामा नेपालीहरू सार्क मुलुक विशेषतः भारत र भुटानमा रहेका छन् । नेपालकै नागरिकतामा रहेर विदेशमा रोजगारी पेशा र व्यवसाय गरेर बसेका व्यक्तिहरू र विभिन्न चरणमा नेपालबाट बसाइँ सरी हाल अन्य मुलुकको नागरिकता लिएका व्यक्तिहरू गरी गैरआवासीय नेपालीहरूलाई मूलतः दुई भागमा विभाजित गर्न सकिन्छ । राष्ट्रियताका आधारमा यी दुवैखाले व्यक्तिहरूको आ–आफ्नै विशेषता भए पनि नेपाल र नेपाली संस्कृतिलाई असाध्यै माया गर्ने, नेपालको भाषासाहित्य र कलाको प्रगतिको लागि सदा प्रयत्नरत रहने, आफूलाई नेपाली भनेर चिनाउने र नेपाललाई एक समुन्नत र स्वाभिमानी राष्ट्रका रूपमा देख्न खोज्ने कुरामा दुवै समूहको एउटै धारणा रहेको पाइन्छ । म्यान्मारको गाउँमा खेती–किसानी गर्ने वा अमेरिकाको सिलिकन उपत्यकामा उच्च प्राविधिक तहको काम गर्ने हुन नेपाली मूलका जोकोही व्यक्तिहरूको प्रमुख चासो आफ्नो र आफ्ना सन्ततिको नेपालीपन कसरी जोगाइराख्ने भन्ने नै रहेको पाइन्छ । फिनल्याण्डको जाडोमा पसिना चुहाउँदै काम गर्ने वा कतारको गर्मीमा पनि शीतभण्डारभित्र कठ्याङ्ग्रिँदै सामान तह लगाउने सबै नेपालीको चाहना समुन्नत नेपाल हो ।

गैरआवासीय नेपालीहरूले नेपालको अर्थतन्त्रमा सधैं नै महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन् । आर्थिक विकासको सम्भावना कम भएको नेपालका पहाडी भूभागबाट नेपालीहरू विदेशमा काम गर्न जाने र त्यहाँको आम्दानीले घर–परिवार चलाउने प्रचलन निकै लामो हो । विदेशबाट पठाइने विप्रेषणको परिमाणले देशको अर्थतन्त्रमा पुर्‍याएको योगदानको विषयले निकै चर्चा पाएको छ । नेपालले आफ्नै शोधनान्तर तथ्यांक प्रकाशित गर्न थालेदेखि नै नेपालको अर्थतन्त्रमा विप्रेषणको महत्त्वपूर्ण भूमिका रहेको देखिएको छ । सुरुका वर्षहरूमा भारतीय र बेलायती सेनामा कार्यरत र अवकाश प्राप्त सैनिक तथा तिनका परिवारका लागि विप्रेषणको महत्त्व धेरै थियो, तर हाल आएर पूर्वी एशिया र मध्यपूर्वमा कार्यरत नेपाली युवाहरूले पठाउने विप्रेषण ग्रामीण अर्थतन्त्रका लागि महत्त्वपूर्ण बनेको छ ।

विभिन्न समयमा गरिएका अध्ययनहरूले झण्डै नेपालको बजेटकै आकारको विप्रेषण नेपालमा भित्रिने गरेको देखाएका छन् । नेपाली श्रमिकहरूले विदेशमा काम गरेर प्राप्त गरेको आम्दानीले निरपेक्ष गरीबी घटाउनमा सहयोग पुर्‍याएको छ । त्यसका साथै नेपालको उद्योग तथा व्यवसायको विकासमा समेत यसको महत्त्वपूर्ण भूमिका रहेको छ । सरसर्ती आकलन



गर्दा गैरआवासीय नेपालीबाट विभिन्न क्षेत्रमा ५-६ अर्ब रुपैयाँभन्दा बढीको लगानी भएको देखिन्छ । कतिपय सामाजिक विकासका काममा गैरआवासीय नेपालीले पहल गरेका छन् । नेपालको वित्तीय क्षेत्रको विस्तार तथा विकास गर्दै द्वन्द्वकालीन अवस्थामा समेत तरलता र अर्थतन्त्रको बृहत् सूचक सकारात्मक बनाइराख्नमा विप्रेषणको योगदान उल्लेख्य रहेको पाइन्छ ।

विदेशमा बस्ने नेपालीहरूको प्रस्ट देखिने योगदान विप्रेषण र पूँजीगत लगानीमा रहे पनि उनीहरूको भूमिका यिनमा मात्र सीमित छैन र हुनु पनि हुँदैन । कुनै पनि मुलुकको विकास बाह्य विश्वसँग आर्थिक र प्राविधिक रूपमा अलग्गिएर होइन बरु एकआपसमा सहयोग र समन्वय गरेर दिगो रूपमा अगाडि बढाउन सकिने देखिएको छ । बाह्य क्षेत्रसँग सहकार्य नगर्ने मुलुकले सीमित मात्रामा मात्र ज्ञान र प्रविधिको विकास गर्न सक्दछ । विदेशमा जाने र विदेशबाट आउने व्यक्तिहरू यस्तै प्राविधिक तथा वैज्ञानिक उन्नतिका प्रमुख संवाहक बन्न सक्दछन् । विभिन्न वातावरणीय अवस्थामा फष्टाएका प्रजातिहरूका बीजको प्रजननबाट वातावरणीय प्रतिकूलता सहन गर्न सक्ने वनस्पतिका प्रजातिहरूको विकास सम्भव भए झैं समाजको विकासमा पनि बाह्य विश्वसँग घुलमिल भई प्राप्त ज्ञान, सीप, प्रविधि, सोच र व्यवहारसँगको अन्तरक्रिया आवश्यक छ ।

दुई मुलुकमा एकै समुदायका वा एउटै भाषा बोल्ने व्यापारीहरू भएमा ती मुलुकबीच व्यापार सहज हुने र अन्तर्राष्ट्रिय व्यापार बढ्ने कुरामा द्विमत छैन । युरोपबाट गएका आप्रवासीहरूले गर्दा नै अमेरिका, क्यानाडा र अष्ट्रेलियाको युरोपसँगको आर्थिक सम्बन्ध बढेको हो । अझै पनि फ्रेन्च बोल्ने अफ्रिकी मुलुकहरूको व्यापार फ्रान्ससँग बढी र अंग्रेजी बोल्ने मुलुकहरूको व्यापार बेलायत र अमेरिकासँग बढी हुने गरेको पाइन्छ । हाम्रै मुलुकमा पनि भारतसँगको व्यापारमा भारतबाट नेपाल आएर बसेका मारवाडी समुदायका व्यक्तिहरूको बाहुल्य बढी छ र यसलाई स्वाभाविक नै मान्नु पर्दछ । विदेशमा गई बसेका धेरै नेपाली व्यापारी परिवारका व्यक्तिहरूले नेपालमा रहेका आफ्ना इष्टमित्र वा साथीभाइसँग मिलेर व्यापार सुरु गरेका धेरै उदाहरण पाउन सकिन्छ । नेपालमा बनेको बियर बेल्जियममा बेच्ने, फापरको पीठो जापानमा बिक्री गर्ने, नेपालमा जस्तै तामा र गुन्द्रुक बेलायतका रेष्टुरेण्टमा पस्कने, नेपालको हस्तकलाका सामान जर्मनीमा बेच्नेजस्ता काममा धेरैजसो गैरआवासीय नेपाली नै लागेका छन् । सुरुवातका चरणमा रहेका यस्ता उद्योग तथा

> गैरआवासीय नेपालीहरू बाह्य जगतका लागि नेपाल हेर्ने झ्याल हुन् भने नेपाली उद्योग–व्यापारका लागि विश्व प्रवेश गर्ने ढोका हुन् ।

व्यापारको आकार हाल सानो भए पनि उचित प्रोत्साहन पाएमा भविष्यमा बढ्दै जाने कुरामा द्विमत हुने छैन ।

गैरआवासीय नेपालीले स्वदेशी उत्पादनको प्रवर्द्धनमा मात्र हैन, नेपालको पर्यटन बढाउन र नेपालमा उन्नत प्रविधि भित्र्याउन पनि उल्लेख्य भूमिका खेल्न सक्दछन् । यसै कुरालाई मनन गरेर नेपाल सरकार र गैरआवासीय नेपाली संघको सहभागिता एवम् समन्वयमा गैरआवासीय नेपाली समुदायलाई लक्षित गरेर 'एक मित्र घर पठाऊ (Send Home a Friend)' कार्यक्रम सञ्चालन भइरहेको छ ।

केही वर्षअघिमात्र विदेश गई बस्ने पहिलो पुस्ताका नेपालीहरू रोजगारीमा अलि निम्न र निम्नमध्यम स्तरमा कार्यरत भएकाले उनीहरू आफ्नै व्यवसाय सञ्चालन गरी स्थापित हुन संघर्षशील रहेका देखिन्छन् । नेपालको वैदेशिक रोजगार नीतिमा रहेका कमी-कमजोरीका कारण पनि सीमित नेपालीहरू मात्र विदेशमा आफ्नै व्यवसाय सञ्चालनमा लाग्न सकेका छन् । यस्ता कठिनाइ रहे पनि केही नेपालीहरूले विदेशमा उन्नति र प्रगति पनि गरिरहेका छन् । कतिपय नेपालीहरू विदेशी फर्म तथा कम्पनीहरूमा राम्रै तहमा पुग्न सफल भएका पनि छन् । उनीहरूले हासिल गरेको ज्ञान, सीप, अनुभव तथा दक्षताले नेपालको आर्थिक तथा सामाजिक विकास कार्यमा थप योगदान पुऱ्याउने देखिन्छ ।

भारत, चीनजस्ता आप्रवासको सयौं वर्षको इतिहास बोकेका ठूला मुलुकहरूको आर्थिक विकासमा गैरआवासीय नागरिकहरूको भूमिकालाई उदाहरणका रूपमा लिने गरिन्छ । गैरआवासीय नेपालीहरूले समुद्रपारिका चिनियाँ वा गैरआवासीय भारतीयहरूले परिचालन गरेकै परिणामको स्रोत-साधन परिचालन गर्न नसक्लान् तर तुलनात्मक रूपमा सानो मुलुकको लागि उनीहरूबाट प्राप्त विप्रेषणको महत्त्व कम मान्न सकिँदैन । विश्वको कुल विप्रेषणमा भारतको स्थान पहिलो भए पनि गार्हस्थ उत्पादनको अनुपातमा नेपाल भित्रिने विप्रेषणले अझ ठूलो योगदान दिँदै आएको छ ।

गैरआवासीय नेपालीको अर्थपूर्ण भूमिकाका लागि पनि गैरआवासीय नेपाली, नेपाल सरकार र नेपाली समाज दुवै पक्षबाट पहल हुनु जरूरी छ । ती गैरआवासीय नेपालीको हक, अधिकार तथा स्वदेशमा लगानीका लागि उपयुक्त वातावरण प्रदान गर्नु राज्यको दायित्व हुन आउँछ । विदेशमा जानेहरू धेरै कारणले गएका हुन्छन् । कति अवसरको खोजीमा जान्छन् भने कति आफ्नो सीप र क्षमता अभिवृद्धि गर्न गएका हुन्छन् । विदेशमा बस्दा पनि मुलुकले हामीलाई बिर्सेको छैन भन्ने भावना उनीहरूमाझ उजागर गर्नु जरूरी हुन्छ । उनीहरूको भावना र आवश्यकतालाई परिपूर्ति गर्नु नेपालको कर्तव्य हो ।

संविधानसभाको सफल निर्वाचनपछि नेपालमा नयाँ संविधान बनाउने तयारी भइरहेको छ । सबै नेपालीहरू नेपाललाई समुन्नत र नेपालीलाई समृद्ध देख्न चाहन्छन् । विदेशमा बस्ने नेपालीहरूले पनि राष्ट्रको उन्नति नभएसम्म उनीहरूको व्यक्तिगत उन्नतिको खासै महत्त्व नहुने कुरा बुझेका छन् । नेपालको आर्थिक सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउने चाहना हुँदाहुँदै पनि उनीहरूले त्यसो गर्न सकेका छैनन् । गैरआवासीय नेपालीको स्पष्ट परिभाषा, नेपालीले विदेशमा व्यापार व्यवसाय गर्न पाउने र विदेशमा आर्जेको आम्दानी विदेशी लगानीसरहको सुविधामा लगानी गर्न पाउनु पर्ने, विदेशी नागरिकता लिएको भए पनि नेपाली नागरिकता त्याग्नु नपर्ने, नेपालमा आफ्ना सन्तानलाई शिक्षादीक्षा दिन सुविधा पाउनुपर्ने, विदेशमा अप्ठ्यारोमा परेका नेपालीहरूलाई राज्यले संरक्षण दिनुपर्ने, विदेशी नागरिकता भएका नेपालीहरूले पनि नेपाली नागरिकसरह नेपालमा आवागमन गर्न र सम्पत्ति राख्न पाउनुपर्नेजस्ता माग राख्दै आएका छन् । दोहोरो नागरिकता, सम्पत्तिको अधिकार, नेपालमा लगानी गर्न पाउने, दोहोरो कर नलाग्नेजस्ता व्यवस्थाहरू मिलाउन सके निश्चय नै गैरआवासीय नेपालीको नेपालप्रतिको धारणामा अझ सकारात्मकता बढ्ने छ ।

गैरआवासीय नेपालीहरूलाई विप्रेषण र पूँजीको स्रोतका रूपमा मात्र नलिई नेपालको विदेशसँगको आर्थिक-सामाजिक अन्तरक्रियामा सहयोग पुऱ्याउने अभिकर्ताका रूपमा लिइनुपर्दछ । गैरआवासीय नेपालीहरू बाह्य जगतका लागि नेपाल हेर्ने झ्याल हुन् भने नेपाली उद्योग-व्यापारका लागि विश्व प्रवेश गर्ने ढोका हुन् । गैरआवासीय नेपालीहरूले गरेको होस्टेमा सरकारबाट हैँसे मिल्ने हो भने नेपालको आर्थिक रूपान्तरणमा ठूलो सहयोग मिल्नेछ ।

*डा. दवाडी गैरआवासीय नेपाली सचिवालयका कार्यकारी निर्देशक हुनुहुन्छ ।*

# वैदेशिक ऋणको पारदर्शिता र प्रभावकारिता

वैदेशिक ऋणको पारदर्शिता र प्रभावकारिताको सन्दर्भमा सरोकारवालाले उठाएका प्रश्नहरूप्रति सरकार जवाफदेही हुनुपर्छ ।

■ **कपिल गौतम**





वैदेशिक सहायताले वैदेशिक ऋण र अनुदानलाई बुझाउँदछ । वित्तीय साधन र स्रोत पर्याप्त नभएका विश्वका अतिकम विकसित तथा विकासशील राष्ट्रहरूको वैदेशिक सहायतामा निर्भरता दिनप्रतिदिन बढ्दो छ । वैदेशिक सहायताबाट देशको आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्न गई गरीब तथा निम्न वर्गका जनतालाई सहयोग पुग्ने विश्वासका साथ आज विश्वका धेरैजसो विकासोन्मुख मुलुकहरू ठूलो परिमाणमा वैदेशिक सहायता भित्र्याउन लागिपरेका छन् । यस्ता राष्ट्रहरूका विकास योजना कति परिमाणमा वैदेशिक सहायता भित्र्याउन सकिन्छ भन्ने आधारमा नै बन्ने गरेका पाइन्छन् ।

वैदेशिक सहायताबाट देशको आर्थिक तथा सामाजिक विकास गर्दै लैजाने उद्देश्यअनुरूप वि. सं. २००७ देखि नेपालले पनि वैदेशिक सहायता लिन सुरु गऱ्यो । वैदेशिक सहायता ऋणको रूपमा भने नेपालमा आर्थिक वर्ष २०१८/१९ बाट मात्र भित्रिन सुरु भयो । वैदेशिक ऋणको इतिहास त्यति लामो नभए पनि वर्तमानसम्म आइपुग्दा नेपालको वैदेशिक ऋणको परिमाण २ खर्ब १६ अर्ब रूपैयाँ पुगिसकेको छ । आज प्रत्येक नेपालीको भागमा करीब ८ हजार ५ सय रूपैयाँ बराबरको वैदेशिक ऋण भार पर्न आउँछ । त्यसै गरी नेपालको वार्षिक बजेटमा समेत वैदेशिक ऋणको अंश अत्यधिक रहने गरेको छ । आर्थिक वर्ष २०६४/६५ को बजेटमा ७५ अर्ब २५ करोड रूपैयाँ विकास खर्च मध्ये वैदेशिक सहायता ४४ अर्ब ८२ करोड रूपैयाँ (५९ दशमलव ६ प्रतिशत) रहेको छ जसमध्ये ऋणको अंश ३९ प्रतिशत रहेको छ ।

वैदेशिक ऋणको परिमाण बढ्दै गएको कारण यसको साँवा तथा ब्याज भुक्तानी रकम पनि बढ्दै गएको छ । आर्थिक वर्ष २०६३/६४ मा नेपाल सरकारले वैदेशिक ऋणको साँवा तथा ब्याज भुक्तानीमा १० अर्ब ६३ करोड रूपैयाँ खर्च गरिसकेको छ जुन कुल राजस्वको १२ दशमलव ३ प्रतिशत, कुल सरकारी खर्चको ८ दशमलव १ प्रतिशत र चालु खर्चको १३ दशमलव २ प्रतिशत हुन आउँछ । हरेक वर्ष राष्ट्रिय आम्दानीको ठूलो हिस्सा वैदेशिक ऋणको साँवा तथा ब्याज भुक्तानीमा खर्च गर्नुपर्दा राष्ट्रका आर्थिक तथा सामाजिक विकासका लक्ष्यहरू प्रभावित हुने गरेका छन् ।

नेपालमा वैदेशिक ऋण विभिन्न क्षेत्रका लागि विभिन्न स्रोतमार्फत भित्रिने गरेको छ । वैदेशिक ऋणको सुरुवातपछि नेपालको आर्थिक तथा सामाजिक विकासका लगभग सबै क्षेत्रमा वैदेशिक ऋण प्रवाह भएको देखिन्छ । तर यसको प्राथमिकता विभिन्न समयमा परिवर्तन हुने गरेको छ । वैदेशिक ऋणको सबैभन्दा बढी प्रवाह ऊर्जाको क्षेत्रमा भएको पाइन्छ । वि. सं. २०४६ मा मात्र कुल वैदेशिक ऋणको ५१ दशमलव ७ प्रतिशत ऋण उर्जाको लागि भित्रिएको थियो । ऊर्जापछि वैदेशिक ऋणको प्रवाह सडक, सिँचाई तथा कृषि जस्ता क्षेत्रमा अत्यधिक भएको पाइन्छ । वि. सं. २०६३ मा सबैभन्दा धेरै वैदेशिक ऋण सडक, शिक्षा, खानेपानी, तथा ऊर्जाको क्षेत्रमा भित्रिएको पाइन्छ ।

यी विविध क्षेत्रमा भित्रिने वैदेशिक ऋणको प्रभावकारी उपयोगका लागि राष्ट्रले अवलम्बन गर्ने वित्तीय नीति, मौद्रिक नीति, व्यापार नीति महत्त्वपूर्ण हुने गर्दछन् । यस्ता नीतिहरूले नै वैदेशिक ऋणलाई परिणाममुखी बनाउन अहम् भूमिका निभाउँछन् । नेपालमा पनि वैदेशिक ऋणको उपयोग प्रभावकारी बनाउदै राष्ट्रलाई आर्थिक विकासमा अगाडि बढाउने उद्देश्य अनुरुप वैदेशिक सहायता नीति, २०५९ जारी गरिएको छ । जसमा वैदेशिक ऋणको प्रभावकारी उपयोगका लागि उच्च प्रतिफल प्राप्त हुने आयोजना र पूर्वाधार विकासका क्षेत्रमा उपयोग गरिने, प्रत्येक नयाँ ऋण स्वीकार गर्नुभन्दा पहिले यसका विविध प्रभावबारे विश्लेषण गरिने, ऋण सहयोगको रकमबाट परामर्शदाता तथा विदेशी विशेषज्ञहरूको सेवामा हुने खर्चलाई कम गरिने, निजी क्षेत्रका आर्थिक गतिविधि तथा विदेशी मुद्रा आर्जनमा सघाउ पुऱ्याउने तथा बाह्य कारोबारको प्रवर्द्धनमा योगदान दिने क्षेत्रहरूमा




ऋण लगानी केन्द्रित गर्ने, कुनै पनि ऋण सहयोगको रकम अध्ययन तथा अध्ययन भ्रमणमा खर्च गर्न रोक लगाइने जस्ता विभिन्न उपायहरू अवलम्बन गरिने उल्लेख छ ।

सरकारले अवलम्बन गरेका यस्ता उपायहरू कै आधारमा भित्रिएको वैदेशिक ऋण नेपालको लागि कत्तिको उपलब्धिमूलक रह्यो र यसको प्रभाव नेपाली समाजमा कस्तो पर्‍यो भन्ने विषय आज महत्त्पूर्ण बनेको छ । वैदेशिक ऋणको प्रभावकारिताको सम्बन्धमा सरकारी तथा गैरसरकारी संस्थाहरूबाट विभिन्न अध्ययन सम्पन्न भइसकेका छन् । यस्ता अध्ययन, अनुसन्धानले वैदेशिक ऋणको सकारात्मक र नकारात्मक दुवै किसिमका प्रभावलाई औंल्याएका छन् । सडक, स्वास्थ्य, शिक्षा, सञ्चार, ऊर्जा जस्ता क्षेत्रमा भएको विकास तथा वैदेशिक ऋण र कुल गार्हस्थ्य उत्पादनबीच देखिएको सकारात्मक सम्बन्धको आधारमा वैदेशिक ऋण नेपालमा प्रभावकारी भएको निष्कर्ष धेरै अध्ययनले निकालेका छन् । तर केही अध्ययनले वैदेशिक ऋण लिँदा दाताहरूले राख्ने गरेका शर्त तथा उनीहरूले तोक्ने ब्याजदर आदि कारणले वैदेशिक ऋण प्रभावकारी बन्न नसकेको विश्लेषण गरेका छन् ।

वैदेशिक ऋणको सम्बन्धमा भएका यस्ता विभिन्न विश्लेषणहरू माझ यसका बारेमा सरोकारवालाहरूको बुझाइ, उनीहरूको अनुभव र वैदेशिक ऋण लिदाँदेखि चुक्ता गर्ने समयसम्मका विभिन्न प्रक्रियागत पक्षमाथिको पारदर्शिताबारे उनीहरूको धारणा बुझ्ने उद्देश्यले सावतीले 'Perception Survey on the Effectiveness of Foreign Debt' विषयक सर्वेक्षण सम्पन्न गरेको छ । सर्वेक्षणका क्रममा नागरिक समाज, पत्रकार, सरकारी कर्मचारी तथा उद्यमी व्यवसायी गरी चार क्षेत्रका जम्मा ५०० जनाको धारणा लिइएको छ ।

यस्ता विविध जिज्ञासाहरू समावेश गरिएको उक्त सर्वेक्षणमा ५१ प्रतिशत उत्तरदाताले वित्तीय स्रोत र साधनको सीमितता रहेको परिप्रेक्ष्यमा देशमा वैदेशिक ऋण आवश्यक भएको बताएका छन् । नेपालमा वैदेशिक ऋणको कुल परिमाणलाई ४५ प्रतिशतले अत्यधिक धेरै हुन गएको उल्लेख गरेका छन् । वैदेशिक ऋणको प्रभावकारिता, यसप्रति दातृराष्ट्रहरूको दायित्व तथा वैदेशिक ऋणका विभिन्न प्रक्रियागत पक्षको पारदर्शिताका सन्दर्भमा धेरैको धारणा नकारात्मक देखिएको छ । यस सम्बन्धमा ४७ प्रतिशतले ऋण प्रभावकारी नभएको र ४२ प्रतिशतले कम प्रभावकारी भएको धारणा राखेका छन् । सर्वेक्षणको क्रममा ५२ प्रतिशतले वैदेशिक ऋण पारदर्शी नभएको र ३७ प्रतिशतले कम पारदर्शी भएको बताएका छन् । वैदेशिक ऋणको समुचित प्रयोगका लागि स्वयं दातृनिकायहरू कत्तिको जिम्मेवार देखिन्छन् भन्ने सम्बन्धमा ४४ प्रतिशतले कम र ३४ प्रतिशतले जिम्मेवार नभएको धारणा राखेका छन् ।

नेपालमा वैदेशिक ऋणको कुल परिमाण र प्रतिव्यक्ति वैदेशिक ऋण भार कति छ भन्ने विषयमा क्रमशः २८ र ३८ प्रतिशतले मात्र सही अनुमान गरेको कारण वैदेशिक ऋणका बारेमा धेरैलाई जानकारी नभएको पनि अध्ययनमा देखिन आएको छ । वैदेशिक ऋणसम्बन्धी सूचनाको उपलब्धता न्यून भएका कारण सरोकारवालाले यस विषयमा धेरै चासो नदेखाएको हुन सक्ने मानिएको अवस्थामा ५१ प्रतिशतले टेलिभिजन, रेडियो र पत्रपत्रिकामार्फत कहिलेकाँही मात्र वैदेशिक ऋणसम्बन्धी सूचना पाउने गरेको र २८ प्रतिशतले कुनै सूचना नपाएको बताएका छन् । यसले वैदेशिक ऋणसम्बन्धी सूचना सामग्रीको उपलब्धता पर्याप्त मात्रामा हुन नसकेको प्रस्ट हुन्छ । उच्च वैदेशिक ऋणका कारण ५३ प्रतिशतले उनीहरूको दैनिक जीवनमा नकारात्मक प्रभाव पर्न गएको धारणा राखेका छन् । नेपालमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ सार्वजनिक भइसकेको भए पनि यसका बारेमा ४३ प्रतिशतलाई जानकारी नभएको र २६ प्रतिशतले कम जानकारी भएको बताएका छन् । सर्वेक्षणअनुसार ३९ प्रतिशत उत्तरदाताले नेपालमा वैदेशिक ऋणसम्बन्धी नीतिगत व्यवस्थाहरू पर्याप्त नभएको र यस क्षेत्रमा सुधारको खाँचो भएको धारणा राखेका छन् ।

देशको आर्थिक विकासमा वैदेशिक ऋणले सकारात्मक प्रभाव पारेको विभिन्न अध्ययनले देखाए पनि यस सर्वेक्षणमा सरोकारवालाले वैदेशिक ऋणको प्रभावकारिता कम भएको बताएका छन् । वैदेशिक ऋण प्रभावकारी हुन नसक्नुमा आर्थिक अनियमितता नै मुख्य रहेको धारणा धेरैको छ । वैदेशिक ऋणलाई उत्पादनमुलक क्षेत्रमा लगानी गरिनुपर्ने धेरैले बताएका छन् । यसै गरी वैदेशिक ऋणको सम्बन्धमा भएका नीतिगत व्यवस्था पनि पर्याप्त नभएका र वैदेशिक ऋण पारदर्शी हुनुपर्ने धारणा धेरैले राखेका छन् । केहीले वैदेशिक ऋणमा मात्र निर्भर हुनुभन्दा दीर्घकालिन रुपमा यसमाथिको परनिर्भरता हटाउन आन्तरिक स्रोत र साधनको परिचालन गरी क्रमिक रूपमा वैदेशिक ऋणलाई प्रतिस्थापन गर्दै लैजानेतर्फ सम्बन्धित पक्षले समयमा नै ध्यान पुर्‍याउनु आवश्यक रहेको धारणा व्यक्त गरेका छन् । वैदेशिक ऋणले पार्न सक्ने नकारात्मक प्रभावका सम्बन्धमा सरोकारवालाहरू तथा आम नागरिक सचेत रहेको र यसको सही सदुपयोग हुनुपर्ने विषयलाई उनीहरूले गम्भिरताका साथ लिएको सर्वेक्षणबाट देखिन आएको छ ।

# क्षेत्रीय व्यापार

२० वैशाख २०६५ मा एशियाली विकास बैंक (एडीबी) र संयुक्त राष्ट्रसंघीय व्यापार तथा विकास सम्मेलन (अङ्टाड) सँगको सहकार्यमा सावतीले 'दक्षिण एशियामा क्षेत्रीय सहयोग– साफ्टाका फाइदा र अगाडिका बाटाहरू' विषयक एकदिने गोष्ठी आयोजना गर्‍यो । एडीबी र अङ्टाडले संयुक्त रूपमा तयार पारेको अध्ययनको मस्यौदा प्रतिवेदनमाथि छलफल गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै सावतीका कार्यकारी निर्देशक श्री नवीन दाहालले दक्षिण एशियामा विद्यमान न्यून आर्थिक एकीकरण र साफ्टाअन्तर्गत बन्देजकारी व्यापार सम्झौताहरूको परिप्रेक्ष्यमा आफैंमा व्यापक र बढ्दो अर्थतन्त्र भएको भारतले अझ प्रखर रूपमा प्रस्तुत हुँदै समग्र क्षेत्रको आर्थिक सान्निध्यलाई बढाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

भारतका लागि एडीबीका प्रमुख अर्थविद् श्रीमती प्रतिमा दयालले बढ्दो अन्तरसम्बन्धको अवस्थामा साफ्टाले सदस्य राष्ट्रहरूलाई फाइदा पुऱ्याउन सक्ने र पूर्ण उदारीकरणको अवस्थामा भुटान र अफगानिस्तानसँगै नेपालले कृषि र अन्य वस्तुहरूमा उल्लेख्य निर्यात वृद्धि गर्न सक्ने पक्षलाई उजागर गर्नु भयो ।

भारतका लागि अङ्टाडका उपसंयोजक श्री अभिजित दासले साफ्टा सदस्य राष्ट्रहरूको व्यापार विश्वका अन्य देशहरूसँग तथा सदस्य राष्ट्रहरूबीचमा समेत प्रतिस्पर्धात्मक बन्दै गइरहेको, तुलनात्मक लाभ भएका क्षेत्रहरू र व्यापारिक अन्तर्सम्बन्ध पनि बढ्दो रहेको तथ्य अध्ययनको निष्कर्ष रहेको प्रकाश पार्नुभयो । अध्ययनका अनुसार पूर्ण उदारीकरणको अवस्थामा सम्भाव्य व्यापार हालको तुलनामा १ सय २० प्रतिशत बढी हुने तर नेपालका लागि भने समग्र लाभ राजस्व घाटाभन्दा बढी नहुने देखिन्छ । कार्यक्रममा बोल्दै राष्ट्रिय योजना आयोगका सदस्य माननीय डा. पोषराज पाण्डेले दक्षिण एशियाली मुलुकहरू भन्सार दर उदारीकरणबाट गहन एकीकरणमा जानुपर्ने बताउनुभयो । उहाँले संवेदनशील वस्तुको सूची र उत्पत्तिको नियम पुनर्मूल्यांकन गर्दै क्षेत्रीय सहयोग बढाउनुपर्नेमा जोड दिनुभयो ।

विभिन्न क्षेत्रका विज्ञहरू, उद्योगी तथा व्यापारी गरी करिब ६० जनाको सहभागिता रहेको उक्त कार्यक्रमको अध्यक्षता प्रा. डा. विश्वम्भर प्याकुऱ्यालले गर्नुभएको थियो ।

# खाद्यान्न मूल्यवृद्धि र खाद्य सुरक्षा

**विश्वमा** खाद्यान्नको उच्च मूल्य वृद्धिले थुप्रै मुलुकहरू खाद्य समस्याबाट ग्रसित छन् । ती मध्ये दक्षिण एशियाली र अफ्रिकी मुलुकहरूमा गरीबको संख्या अत्यधिक रहेकाले मूल्य वृद्धिबाट बढी प्रभावित भएका छन् । नेपालजस्तो खाद्यान्न आयातकर्ता मुलुकमा यस किसिमको मूल्य वृद्धिको नकारात्मक प्रभाव देखिन सुरु भइसकेको छ । त्यसैले समयमा नै सम्बन्धित निकायले मूल्यवृद्धिको नकारात्मक प्रभावबाट जनतालाई कसरी राहत दिन सकिन्छ र त्यसका लागि कस्तो रणनीति अपनाउने भन्नेबारे ध्यान पुऱ्याउनु आवश्यक भइसकेको छ । यही परिप्रेक्ष्यमा खाद्यान्नको मूल्य वृद्धिले नेपालमा पार्ने असर र यसलाई न्यूनीकरण गर्ने उपायमा सरोकारवालाहरूबीच अन्तरक्रिया गर्ने उद्देश्यले सावती र एक्सन एडद्वारा १८ वैशाख २०६५ मा *खाद्यान्न मूल्यवृद्धिः खाद्य सुरक्षामा असर* विषयक छलफल कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै सावतीका कार्यकारी निर्देशक श्री नवीन दाहालले २० प्रतिशत मात्र मूल्य वृद्धिले पनि विश्वको १० करोड जनसंख्यालाई गरीबीमा धकेल्ने विश्व बैंकको तथ्यांक प्रस्तुत गर्नुभयो । नेपालजस्तो राष्ट्रमा खाद्यान्नको न्यायोचित वितरण नभएको कारणले मूल्य वृद्धिको असर कम गर्नका लागि उपभोक्ता संरक्षण ऐन, कालो बजारी ऐन आदिको प्रभावकारी कार्यान्वयन गर्नुका साथै कृषिमा अनुदान दिनेजस्ता विकल्पहरू खोज्नुपर्ने बताउनुभयो । कार्यक्रममा यूएनडिपीका नेशनल प्रोग्राम मेनेजर डा. विश्वनाथ तिवारी र उपभोक्ता कानूनविद ऋषि निरौलाले कार्यपत्रमाथि टिप्पणी गर्नुभएको थियो । एक्सन एड नेपालका वरिष्ठ थिम लिडर श्री दीनमणि पोखरेलले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । उद्यमी, कानून व्यवसायी, नेपाल सरकारका पदाधिकारीहरू, पत्रकार तथा उपभोक्ता हकहितसँग सम्बन्धित विभिन्न व्यक्तिहरू, राजनीतिक दलका प्रतिनिधिहरू गरी लगभग ५० जनाको सहभागिता रहेको उक्त कार्यक्रमको अध्यक्षता पाटन संयुक्त क्याम्पसका सहप्राध्यापक डा. केशव खड्काले गर्नुभएको थियो ।

# डब्ल्यूटीओ र नेपाल विषयक तालिम

**सावतीले** एम.एस. नेपालको सहयोगमा सञ्चालित Grassroots and Policy Linkage on WTO Issues (GRAPOL) परियोजनाअन्तर्गत 'डब्ल्यूटीओर *नेपाल*' विषयक तीनदिने तालिम तथा कार्यशालाको आयोजना गर्‍यो । १७-१९ मङ्सिर २०६४ मा काठमाडौंमा सञ्चालित उक्त कार्यक्रममा राजधानीका साथै पश्चिमाञ्चल विकास क्षेत्रका पाल्पा, कपिलवस्तु र रुपन्देही जिल्लाबाट विभिन्न सामाजिक संघसंस्था र सामुदायिक रेडियोका प्रतिनिधि गरी २० जनाको सहभागिता थियो ।

नेपाल डब्ल्यूटीओको सदस्य भइसकेको परिप्रेक्ष्यमा त्यसका विभिन्न सम्झौताहरूले ग्रामीण क्षेत्रमा रहेका नेपालीहरूको जीविकोपार्जनमा पार्ने असरबारे जानकारी दिने उद्देश्यले आयोजना गरेको उक्त तालिम तथा कार्यशालालाई पाँच सत्रमा विभाजन गरिएको थियो । डब्ल्यूटीओ र नेपालको सदस्यता, डब्ल्यूटीओ र कृषि व्यापार उदारीकरण, सेवा व्यापार उदारीकरण र ग्याट्स-मोड ४, नेपाल-भारत द्विपक्षीय व्यापार, बौद्धिक सम्पत्ति अधिकार र जैविक विविधताका विषयमा प्रस्तुति र छलफल गरिएको थियो ।



प्रत्येक प्रस्तुतिपछि सहभागीहरूलाई उक्त विषयमा समूह कार्य गर्न लगाइएको थियो । तालिममा सामूहिक कार्यलाई विशेष जोड दिइएको र अधिकांश सहभागिहरू ग्रामीण क्षेत्रमा काम गर्ने संघ-संस्थाहरूबाट नै आएकाले स्थानिय समस्याहरूको पहिचान राम्ररी भएको थियो । डब्ल्यूटीओअन्तर्गतका सम्झौताहरूबाट नेपालको ग्रामीण स्तरमा फाइदा लिन सावतीसँगको सहकार्यमा कृषिका समस्याहरू कम गर्दै लैजान, सेवा व्यापारसम्बन्धी चेतना घरघरसम्म पुऱ्याउन, भारतसँगको व्यापारलाई पनि अझ व्यवस्थित बनाउन, बौद्धिक सम्पत्ति र जैविक विविधताबारे सबैलाई जानकारी गराउन रेडियो कार्यक्रम तथा सडक नाटक जस्ता विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने निचोडमा सहभागीहरू पुगेका थिए ।




# विद्युत् क्षेत्र: सुधारको खाँचो

**विद्युत्** क्षेत्रको नीति-निर्माण तथा नियमनसँग सम्बन्धित विषयमा सरोकारवालाहरूबीच अन्तर क्रियाका साथै क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सावतीले १० वैशाख २०६५ मा *विद्युत् क्षेत्रको सुधार: उपभोक्ताको सरोकार* विषयक कार्यशाला गोष्ठी आयोजना गर्‍यो ।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सावतीका कार्यकारी निर्देशक श्री नविन दाहालले नेपालमा विद्युत् क्षेत्रको समग्र अवस्था सन्तोषजनक नरहेको र यसका हरेक पक्षमा सुधारको आवश्यकता रहेको विचार राख्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि तथा राष्ट्रिय योजना आयोगका सदस्य माननीय डा. पोषराज पाण्डेले विद्युत् क्षेत्रमा उपभोक्ता सहभागिता नभइरहेको अवस्थामा उपभोक्ता जागरण र सहभागिता बढाउने किसिमको परियोजना महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो । विद्युत् क्षेत्र सुधारमा नागरिक समाजको भूमिकामा भारतको अनुभवसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै CUTS-CCIER जयपुरका श्री उदय मेहताले विकासोन्मुख राष्ट्रहरूमा प्राविधिक तथा वित्तीय समस्या, राजनीतिक हस्तक्षेप तथा उपभोक्ता सहभागितामा कमीले गर्दा विद्युत् क्षेत्रमा सुधारको आवश्यकता महत्त्वपूर्ण भएको उल्लेख गर्नु भयो । कानून तथा न्याय मन्त्रालयका सचिव डा. त्रिलोचन उप्रेतीले विभिन्न देशमा ऊर्जालाई समग्र रूपमा सम्बोधन गर्ने गरी नीतिगत संरचनाको व्यवस्था गरिएकोमा नेपाल सरकारले पनि त्यसमा ध्यान दिन आवश्यक रहेको औंल्याउनु भयो । कार्यक्रमको अध्यक्षता गर्नुभएका नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री कुशकुमार जोशीले नीति-निर्माण तहमा उपभोक्ताको सहभागिता नरहेको उल्लेख गर्नुभयो ।

कार्यक्रमको पहिलो प्राविधिक सत्रको अध्यक्षता नेपाल विद्युत् प्राधिकरणका पूर्व-प्रबन्ध निर्देशक श्री सन्तबहादुर पुनले गर्नु भएको थियो । जलस्रोत मन्त्रालयका सहसचिव श्री राजेन्द्र किशोर क्षेत्रीले *नेपालमा विद्युत् क्षेत्रको नियमन* विषयक कार्यपत्र प्रस्तुत गर्नु भयो र त्यसमाथि हाइड्रो सोलुसनका प्रमुख प्राविधिक अधिकृत श्री कुमार पाण्डेले टिप्पणी गर्नु भएको थियो । दोस्रो प्राविधिक सत्रमा उपभोक्ता हित संरक्षण मञ्चका महासचिव श्री ज्योति बानियाँ र कान्तिपुर दैनिकका श्री विकास थापाका कार्यपत्रमा कानून सुधार आयोगका सहसचिव श्री रञ्जन अर्याल, उपभोक्ता मञ्चका उपाध्यक्ष श्री रूपा श्रेष्ठ र सेजोनका कार्यकारी सदस्य श्री गोकर्ण अवस्थीले टिप्पणी गर्नु भएको थियो । सत्रको अध्यक्षता जलस्रोत विज्ञ डा. अजय दीक्षितले गर्नु भएको थियो ।

# सामुदायिक जैविक विविधता व्यवस्थापन

**GRAPOL** परियोजनाअन्तर्गत पोखरास्थित लिबर्डको सहकार्यमा सावतीद्वारा २१-२२ वैशाख २०६५ मा पोखरामा *सामुदायिक जैविक विविधता व्यवस्थापन* विषयमा गरिएको तालिम तथा कार्यशालामा पाल्पा, कपिलवस्तु, रुपन्देही र पोखराका विकास कार्यकर्ता, सञ्चारकर्मी र कृषक गरी ३२ जनाको सहभागिता रहेको थियो ।


तालिमको पहिलो सत्रमा सावतीका अनुसन्धान निर्देशक श्री कमलेश अधिकारीले 'विश्व परिवेशमा जैविक विविधता व्यवस्थापन' मा केन्द्रित हुँदै बौद्धिक सम्पत्ति अधिकार, कृषक अधिकार र अन्तर्राष्ट्रिय सन्धिहरू अनुमोदन गरिसकेको अवस्थामा नेपालमा भएका कानूनी प्रयासहरूका विषयमा प्रस्तुतीकरण गर्नुभयो । दोस्रो सत्रमा लिबर्डका कार्यकारी निर्देशक डा. प्रताप श्रेष्ठले 'समुदायमा आधारित जैविक विविधता व्यवस्थापन: उद्देश्य, सिद्धान्त र प्रक्रिया' विषयमा प्रस्तुतीकरण गर्नुभयो । जैविक विविधता संरक्षण रणनीतिलाई उहाँले आर्थिक लाभमा आधारित रणनीति र सामाजिक लाभमा आधारित रणनीति गरेर दुई भागमा विभाजन गरेर प्रस्ट्याउनु भयो । जैविक विविधतासम्बन्धी विभिन्न शब्दावलीका परिभाषासहित सहभागीहरूलाई अभिलेख राख्ने प्रक्रियाबारे जानकारी गराउन तालिमको अन्तिम सत्रमा लिबर्डका वरिष्ठ कार्यक्रम अधिकृत श्री विमल रेग्मीले 'जैविक विविधता संरक्षण र दिगो उपयोगमार्फत जिविकोपार्जनका लागि सामुदायिक जैविक विविधता अभिलेखीकरण' र 'यथास्थान कृषि जैविक विविधता संरक्षणका असल अभ्यासहरू' विषयक प्रस्तुतीकरण गर्नुभयो । कार्यक्रमको दोस्रो दिन गरिएको स्थलगत भ्रमणमा सहभागीहरूले जैविक विविधता अभिलेखीकरण गरिएको दर्ता पुस्तिका, कृषकहरूले संरक्षण गरेका जडीबुटीहरू, गड्यौला खेती, कफी खेती, सहभागितात्मक वनस्पति प्रजनन् आदिजस्ता सामुदायिक जैविक विविधता व्यवस्थापनको सफल अभ्यासबारे जानकारी प्राप्त गरे ।

# वैदेशिक ऋण: उपभोक्ताको चासो

११ चैत्र २०६४ मा उपभोक्ता हित संरक्षण मञ्च, एक्सनएड नेपाल र सावतीद्वारा संयुक्त रूपमा *नेपालमा वैदेशिक ऋण: उपभोक्ताको चासो* विषयक छलफल कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा वित्तीय साधन र स्रोत सीमित भएको नेपालले वैदेशिक ऋणलाई पूर्ण रूपमा अस्वीकार गर्न नसक्ने भएकाले नकारात्मक असरलाई कम गर्दै यसलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्ने धारणा विज्ञहरूले राखेका थिए । कार्यक्रममा सहभागीहरूले वैदेशिक ऋण पारदर्शी बनाइनुपर्नेमा जोड दिएका थिए ।

सावतीका कार्यक्रम निर्देशक श्री ध्रुवेश रेग्मीले सो कार्यक्रमको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपसचिव श्री बैकुण्ठ अर्याल तथा त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका सहप्राध्यापक तथा उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय सदस्य भोलानाथ पोखरेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा एक्सन एड नेपालका थिम लिडर श्री नविन सुवेदी तथा उपभोक्ता मञ्चका केन्द्रीय उपाध्यक्ष श्री रूपा श्रेष्ठ छलफलकर्ताको रूपमा हुनुहुन्थ्यो । त्रिभुवन विश्वविद्यालयका उपकुलपति तथा उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय अध्यक्ष डा. माधव शर्माले अध्यक्षता गर्नु भएको उक्त कार्यक्रममा उद्यमी, कानून व्यवसायी, नेपाल सरकारका पदाधिकारी, पत्रकार तथा उपभोक्ता हित क्षेत्रका करिब ७५ जनाको सहभागिता थियो ।

# नयाँ प्रकाशन




**नीतिसारः** एचआईभी/एड्सः औषधिमा पहुँच
**लेखकः** कमलेश अधिकरी र निरज श्रेष्ठ
**प्रकाशकः** सावती





**सूचना सामग्रीः** वैदेशिक ऋणको व्यवस्थापनः सबैको चासोको विषय
**प्रकाशकः** सावती




**Issue Paper:** SAFTA: Issues for Weaker Economies
**Author:** Mohammad A. Razzaque
**Publisher:** SAWTEE




**Trade Insight:** Trade and Climate Change Vol.4, No. 2, 2008
**Publisher:** SAWTEE




**Briefing Paper:** South Asia: Towards a Viable Free Trade Area
**Author:** Deshal de Mel
**Publisher:** SAWTEE




**Research Brief:** Cases of Access and Benefit Sharing: Lessons for South Asian Governments
**Author:** Bharath Jairaj
**Publisher:** SAWTEE

SAWTEE
SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT

सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुहरूमा अनुसन्धान र वकालत तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सन् १९९४ मा खडा दक्षिण एशियाली राष्ट्रका ११ वटा संस्थाहरूको क्षेत्रीय सञ्जाल हो ।

पोबनंः १९३६६, २५४ लम्टङ्गीनमार्ग, बालुवाटार, काठमाडौं, नेपाल
फोनः ४४१५८२४, ४४४४४३८
फयाक्सः ४४४४५७०
ईमेलः sawtee@sawtee.org
www.sawtee.org